का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० पुस २०८१,
शनिबार
4 January, 2025
Saturday
मूल्य रू. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक ३१६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सामाजिक संजालबाट डराएका दलहरू

पार्टी नेतृत्वको पक्षमा कस्ता विषय कार्यकर्ताले सामाजिक संजालमा सम्प्रेषण गरिरहेका छन् भनेर एकपछि अर्को राजनीतिक दलले संयन्त्र नै बनाएर निगरानी बढाएका हुन्



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १९ पुस ।

नेता/कार्यकर्ताको सामाजिक संजाल सम्बन्धित पार्टीहरूको निगरानीमा पर्न थालेको छ । पार्टी नेतृत्वको पक्षमा कस्ता विषय कार्यकर्ताले सामाजिक संजालमा सम्प्रेषण गरिरहेका छन् भनेर एकपछि अर्को राजनीतिक दलले संयन्त्र नै बनाएर निगरानी बढाएका हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले त पार्टीलाई अहित हुने सामग्री फेसबुकलगायत सामाजिक संजालमा शेयर, लाइक र रिट्वीट गर्न रोक नै लगाएको छ ।

केन्द्रीय प्रचार विभागले 'सामाजिक संजाल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१' बनाएर पार्टीलाई हित नगर्ने सामग्री शेयर, लाइक र रिट्वीट गर्न नपाउने भनेर नेता/कार्यकर्ताको सामाजिक संजालमा निगरानी गर्न थालेको हो ।

कार्यविधि अनुसार व्यवहार नगरे कारबाही भोग्नुपर्छ ।

सामाजिक संजालको प्रयोगलाई व्यवस्थापन गर्न प्रचार विभाग मातहत सामाजिक संजाल इकाइ नै गठन गरिएको छ । उक्त इकाइले कार्यविधिविपरीत कार्य गर्नेलाई पार्टीले अभिलेख राखेर विश्लेषणसहित प्रतिवेदन बनाउँछ । त्यस आधारमा अनुशासनको कारबाही गर्न सक्ने छ ।

सीके राउत नेतृत्वको जनमत पार्टीले पनि सामाजिक संजालको प्रयोगसम्बन्धी नीति बनाएको छ । पार्टीका केन्द्रीय सदस्य, प्रदेश सदस्य र जिल्ला मूल समितिका सदस्यहरूले सामाजिक संजालमा पोस्ट गर्ने सामग्री सामाजिक संजाल अनुगमन समितिले अनुगमन गर्ने छ । त्यस आधारमा मासिक रूपमा प्रतिवेदन पेस गर्ने छ । प्रतिवेदनका आधारमा सकारात्मक पोस्ट गर्नेलाई पुरस्कृत गर्ने तथा निष्क्रिय हुनेलाई एक तह घटुवा गर्ने वा जिम्मेवारीबाट हटाउनेसम्मको सिफारिस गर्न सक्ने भनिएको छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले सामाजिक संजाल प्रयोगमा कठोर नीति नै लिएको छ । सामाजिक संजालबाट एमालेका नेताहरूविरुद्ध फेक आइडी बनाएर चरित्र हत्या गर्ने गरिएको भनेर एमालेले त्यस्ता व्यक्ति पहिचान गरेर त्यसविरुद्ध साइबर मुद्दा लगाउने भनेको छ ।

प्रमुख सत्ता घटक कांग्रेसले पनि प्रविधि र सामाजिक संजालको बढ्दो दुरुपयोग रोक्ने निर्णय गरेको छ । प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार सामाजिक संजाल प्रयोगसम्बन्धी १६ बुँदे कार्यविधि बनाएर जारी गरिएको छ ।

कांग्रेसले पार्टीको लोगो, झण्डा प्रयोग गरी व्यक्तिगत प्रोफाइल नबनाउनसमेत नेता/कार्यकर्तालाई निर्देश गरेको छ । यी निर्णयको अवज्ञा भएमा कुनै पनि नेता तथा कार्यकर्तामाथि अनुशासनको कारबाही हुने छ ।

सामाजिक संजालमार्फत पार्टी नीति र नेतृत्वविरुद्ध कांग्रेसकै नेता तथा कार्यकर्ताहरू उत्रिन थालेपछि यस्तो कार्यलाई निरुत्साहित गर्न कांग्रेसले सामाजिक संजाललाई निगरानीमा राखेको हो ।

प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र)ले आईटी फोरम नै गठन गरेर काम गरिरहेको छ । आईटी फोरमको अध्यक्षमा गोविन्द आचार्य छन् ।

अर्थात्, राजनीतिक दलहरू आफ्नै पार्टीका नेता/कार्यकर्ताको सामाजिक संजालको निगरानीमा केन्द्रित भएका हुन् । सबैको साझा उद्देश्य पार्टी नेतृत्वको पक्षमा कस्ता विषय कार्यकर्ताले सामाजिक संजालमा सम्प्रेषण गरिरहेका छन् भनेर निगरानी गर्नु हो । सबै दलले निगरानीका क्रममा पार्टी नेतृत्वको विपक्षमा सामाजिक संजालमा लेखेको पाइए कारबाही गर्नेलगायतका प्रावधान राखेका छन् ।

# महँगियो अण्डा



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १९ पुस ।

अण्डाको मूल्य हालसम्मकै उच्च भएको छ । निरन्तर घाटामा विक्री हुँदै आएको अण्डाको मूल्य गत शनिबारदेखि हालसम्मकै उच्च मूल्यमा विक्री भइरहेको छ ।

लागू भएको नयाँ मूल्यअनुसार ठूलो अण्डाको फार्म मूल्य प्रतिपेटी ठूलो ३ हजार ७५० देखि ३ हजार ७८० रुपैयाँसम्म, मझौलाको ३ हजार ६५० देखि ३ हजार ६८० सम्म प्रतिपेटी दर कायम गरेका छन् ।

नेपाल लेयर्स कुखुरा पालक संघका अध्यक्ष विनोद पोखरेलका अनुसार कुखुराको उत्पादन कम भएका कारण मूल्य बढेको बताउँछन् ।

> विक्रेताले १७ रूपैयाँ प्रतिगोटामा फार्मबाट खरिद गरी ढुवानी र अन्य लागत जोड्दा प्रतिगोटा १९ देखि २० रूपैयाँमा पर्ने खुद्रा विक्री गर्दा २२ रूपैयाँ ५० पैसासम्ममा विक्री हुँदै आएको छ

अण्डाको मूल्य बढेपछि किसानले लागत मूल्य पाउने छन् । उनका अनुसार दाउन्ने एग्रो फार्म, हिमचुली पोल्ट्री, खिलुङकाली (जनकपुर एग्रो) सुविश पोल्ट्री भिज्जु पोल्ट्री, शिवम् लेयर्स फार्मलगायतले काठमाडौंको होलसेल बजारमा नयाँ दर कायम गरेका छन् । पृष्ठ २ मा

## दक्षिण एसियामै महँगो

नेपाल अण्डा उत्पादक संघका अनुसार अहिले अण्डाको लागत मूल्य प्रतिगोटा १६ दशमलव ५६ रुपैयाँ पर्न आउँछ ।

विक्रेताले १७ रुपैयाँ प्रतिगोटामा फार्मबाट खरिद गरी ढुवानी र अन्य लागत जोड्दा प्रतिगोटा १९ देखि २० रुपैयाँमा पर्ने खुद्रा विक्री गर्दा २२ रुपैयाँ ५० पैसासम्ममा विक्री हुँदै आएको छ ।

दक्षिण एसियामा अण्डाको मूल्य नेपालमा सबैभन्दा धेरै छ । नेपालमा अण्डा प्रतिदर्जन २७० रुपैयाँ, भारतमा २११, बंगलादेशमा १६०, पाकिस्तानमा १५९ र श्रीलंकामा १४६ विक्री भइरहेको छ । विगतमा दैनिक ४४ लाख गोटाभन्दा बढी अण्डा उत्पादन हुँदै आएकामा अहिले घटेर २३ लाख गोटा उत्पादन हुँदै आएको छ ।

अण्डा व्यवसायीहरूका अनुसार गत वर्ष पनि पुस महिनामा ४ पटक अण्डाको मूल्य वृद्धि भएको थियो ।

अण्डा व्यवसायीहरू माग बढ्दै जाने तर उत्पादन घट्दै जानु, कुखुरा रोग लागेर मर्ने, दानाको भाउ बढ्दै जानुलगायतका कारणले अण्डाको भाउ बढेको नेपाल अण्डा उत्पादक संघका अध्यक्ष शिवराम के. सी.को भनाइ छ ।

कुखुरापालक तथा अण्डा उत्पादकहरू भाउ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नेपाली कामदारको हकहित संरक्षण उच्च प्राथमिकतामा : राजदूत डा. तिम्सिना



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस ।

मलेसियाका लागि नेपाली राजदूत डा. नेत्रप्रसाद तिम्सिनाले वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका नेपाली कामदारको हकहित संरक्षणलाई उच्च प्राथमिकतामा राख्ने बताएका छन् ।

नेकपा एमालेको सामाजिक सेवा विभागले शुक्रबार आयोजना गरेको बधाई तथा बिदाई कार्यक्रमलाई सम्बोधन गर्दै राजदूत डा. तिम्सिनाले नेपालको आर्थिक कूटनीतिभित्र वैदेशिक रोजगारीमा रहेका श्रमिकको हक अधिकारको विषय अन्तरनिहीत रहेकाले उनीहरूको हक अधिकार संरक्षणको विषय आफ्नो पहिलो प्राथमिकतामा रहेको पृष्ठ २ मा

## रुसका लागि श्रम स्वीकृति खुलाउन मन्त्री भण्डारीसँग आग्रह

काठमाडौं/मस- गैरआवासीय नेपाली संघ (एनआरएनए)ले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी समक्ष आग्रह गरेको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री के. सी.ले शुक्रबार मन्त्री भण्डारीलाई भेटेर ध्यानाकर्षण गराएपछि मन्त्री भण्डारीले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आवश्यक पहल गर्ने बताएका छन् ।

रुस-युक्रेन युद्धपछि नेपालले गत वर्ष पुसमा रुसका लागि श्रम स्वीकृति बन्द गरेको थियो । अध्यक्ष डा. के. सी.ले विशेष अवस्थामा गरेको निर्णयमा पुनरावलोकन नहुँदा हजारौं नेपालीका लागि असहज अवस्था उत्पन्न भएको भन्दै नयाँ श्रम स्वीकृति एवं नवीकरणको कार्यलाई तत्काल सुचारु गरिदिन आग्रह गरेका थिए । पृष्ठ २ मा

# संघर्षशील मीना

पहिला तरकारीवाली, सुन्तलावाली, दूधवाली भनेर चिनिने मीना अहिले "अटोवाली"को नामले बतासेमा चिनिइरहेकी छन् । पहिले यसले केही गर्न सक्दिन भन्नेहरूले पनि अहिले उनको हिम्मत र मिहिनेतको तारिफ गर्ने गरेका छन्



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ पुस ।

धुलिखेल चोकमा बतासेका लागि लस्करै रोकिएका १० वटा अटो । बतासेतिरबाटै आएर त्यही लाइनको अन्तिममा उभिन्छ अर्को एउटा अटो । अटोमा चढेका यात्रुले फटाफट आफ्नो भाडा दिन थाल्छन् । भाडा उठाएर अटोको पछाडि राखिएको एउटा बोरा झिक्दै बाटोको छेउमा राख्छिन् एक महिला, जो चालक हुन् सोही अटोकी ।

बतासेका लागि चल्ने १५ वटा अटोमध्येमा महिला चालक ती महिला मात्र हुन्, जसको नाम हो- मीना बम सिंह । सुदूरपश्चिमको बझाङ घर भएकी मीना ३ महिना अघिदेखि उकालो, ओरालो, कहीँ कच्ची त कहीँ पक्की भएको बतासेदेखि धुलिखेल चोकसम्मको बाटोमा अटो हाँकिरहेकी छन् ।

उनी हप्तामा ६ दिन अटो चलाउँछिन् । २ सन्तानकी आमा उनी शनिबार भने अटोलाई आराम दिन्छिन् । आफूलाई भने शनिबार पनि भ्याई नभ्याई हुने उनी बताउँछिन् । 'खेती छ, शनिबार छोरा-छोरीले घरधन्दा गर्न सघाउँछन् । मेरो त त्यो दिन खेतबारीको काममै समय बित्छ', उनले भनिन् ।

मौसमअनुसारको तरकारी खेती गर्न बतासेमै ७ रोपनी जग्गा भाडामा लिएको मीनाले सुनाइन् । सोही तरकारीलाई बजारसम्म पुर्‍याउन सहज होस् भन्ने हेतुले उनले अटो किनेकी हुन् ।

'तरकारी फलायो, बजारसम्म पुर्‍याउन तरकारीको मूल्यभन्दा बढी भाडा उठ्ने । त्योभन्दा त आफ्नै साधन भए तरकारी लैजान पनि सजिलो हुन्छ भनेर दसैंताका अटो लिएकी थिएँ । अहिले त प्यासेन्जर नि बोक्छु', मीना मुस्कुराइन् ।

माइती घर बैतडीको पुर्चौंडी भएकी मीना ८ जना दिदीभाइमध्येकी तेस्रो सन्तान हुन् । आर्थिक स्थिति त्यति बलियो नभएका कारण उनले कक्षा ३ सम्म मात्र पढेकी थिइन् । २० वर्षकी हुँदा बझाङका हिक्मत सिंहसँग उनको लगनगाँठो बाँधिएको थियो ।

श्रीमान् भारतमा मजदुरी गर्थे । विवाहपछि १५ दिन मात्र घरमा बसेर उनी श्रीमान्सँगै भारतको सिमला लागिन् । पृष्ठ २ मा

# भूकम्पले चर्किएको भवनमा पढाइ

सत्यराज सिंह/मध्यान्ह
बझाङ, पुस १९

बझाङको जयपृथ्वी नगरपालिका-११, टाउतोलामा रहेको नाननदेव आधार भूत विद्यालयका विद्यार्थीहरू भूकम्पले चर्किएको भवनमा पढाइ गर्न बाध्य छन् । १६ असोज, २०८० मा आएको भूकम्पले विद्यालयको भवनमा क्षति पुऱ्याएपछि विद्यार्थीहरू त्रासमा अध्ययन गर्नुपरेको छ ।

विद्यालयका प्रधानाध्यापक बउकास शाहीका अनुसार ६३ जना विद्यार्थी रहेको यो विद्यालयमा भूकम्पका कारण चर्किएको भवनमा पठनपाठन गराउनुपर्ने बाध्यता छ । उनले स्थानीय सरकार र सम्बन्धित निकायलाई समस्या समाधानका लागि पटक-पटक जानकारी गराउँदा पनि कुनै ठोस पहल नभएको गुनासो गरे ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र रोकायाले विद्यालय भवन पुनर्निर्माणका लागि वडा, नगरपालिका र प्रदेश सरकारसँग अनुरोध गरेपनि अहिलेसम्म कुनै पहल नभएको बताए । उनका अनुसार चर्किएको भवनमा पठनपाठन गराउँदा विद्यार्थीहरू जोखिममा परेका छन् ।

कक्षा २ मा अध्ययनरत छात्र उत्सव रोकायाले भने, 'हामी डराउँदै पढिरहेका छौँ । विद्यालयको भवन कतिबेला भत्किएला भन्ने डरले ध्यान पढाइमा जाँदैन ।' स्थानीय अभिभावकहरूले पनि विद्यालयको पुनर्निर्माणका लागि पहल गर्न सरकारसँग अपिल गरेका छन् । यस समस्याले विद्यार्थीहरूको शैक्षिक भविष्य अन्योलमा परेको स्थानीय राम सार्कीले बताए ।

वडाको बजेटले भवन निर्माण गर्न नसकिने भएकाले असार मसान्तसम्म मर्मत, सम्हार गर्ने भनेर योजना बनाएको जयपृथ्वी नगरपालिका-११का वडाध्यक्ष सर्जन थापाले बताए ।

# सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने माओवादीको आशंका

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले सरकारको नियत ठीक नभएको निष्कर्ष निकालेको छ । शुक्रवार बसेको स्थायी समितिको बैठकले सरकारले हिउँदे अधिवेशन छलेर अध्यादेशको बाटो रोजेको र दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन लागेको निष्कर्ष निकालेको छ ।

प्रवक्तासमेत रहेका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले बैठक पछि भने, 'सरकारले सदन छल्न खोज्दैछ । दललाई विभाजन गर्नका लागि अध्यादेश सरकारले ल्याउँदैछ ।'

उनका अनुसार अब सबै दलहरूसँग छलफल गरेर संसद् आह्वानका लागि प्रभावकारी रूपमा दबाब चलाउनेगरी माओवादीले सोच बनाएको छ ।

'संसद् बैठक बोलाउन आनाकानी गर्नुमा सरकारको बदनियत हुनसक्ने शंका अछ,'उनले भने ।

सरकारको गतिविधि हेर्दा संसद् बोलाउन आनाकानी गर्ने जस्तो देखिएका उल्लेख गर्दै सापकोटाले संसद् नै नबोलाएपछि लोकतन्त्र नफस्टाउने बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले केही महिनाअघि नै राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन खोजेका थिए । त्यतिबेला सत्तारुढ कांग्रेसले असहमति जनाए पछि अध्यादेश ल्याउन प्रधानमन्त्री पछि हटेका थिए ।

माओवादी स्थायी समिति बैठक शनिवार दिउँसो २ बजे बस्नेगरी स्थगित भएको छ ।

स्थायी समिति बैठकमा सहभागीहरूले समसामयिक परिस्थिति र पार्टी रुपान्तरण लगायतका विषयमा आफ्ना धारणा राखेका छन् ।

## महँगियो...

नेपाल पोल्ट्री महासंघ गुणचन्द्र विष्टले कुखुरा पालन नै नभएपछि अण्डाको उत्पादन कम भएर भाउ बढेको बताए । 'किसानले कुखुरा पालन व्यवसाय छाड्दैन । व्यवसायी यस क्षेत्रबाट पलायन भइरहेका छन् । कुखुराको पर्याप्त उत्पादन नहुँदा अण्डाको मूल्य बढेको हो', अध्यक्ष विष्टले भने ।

तर, नेपाल ह्याचरी उद्योग संघका अध्यक्ष लक्ष्मीदास मानन्धरको भनाइ फरक छ । उनका अनुसार जाडो र उत्पादनमा कमी आएका कारण अण्डाको भाउ बढेको हो । 'उत्पादन गर्ने कुखुरामा गिरावट, किसानको फार्ममा बुढो कुखुरा विक्री भएसँगै धेरै किसान विस्थापित भएकाले नयाँ चल्ला हाल्न नसक्दा पनि मूल्य बढेको हुनुपर्छ', मानन्धरले भने ।

उनले भने, 'अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ । अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन् ।'

नोक्सान थपिँदै गएपछि धेरै किसान पोल्ट्री व्यवसायबाट विस्थापित भएको ह्याचरी उद्योग संघका अध्यक्ष मानन्धर बताउँछन् ।नेपाल पोल्ट्री महासंघ गुणचन्द्र विष्टले कुखुरा पालन नै नभएपछि अण्डाको उत्पादन कम भएर भाउ बढेको बताए । 'किसानले कुखुरा पालन व्यवसाय छाड्दैन । व्यवसायी यस क्षेत्रबाट पलायन भइरहेका छन् । कुखुराको पर्याप्त उत्पादन नहुँदा अण्डाको मूल्य बढेको हो', अध्यक्ष विष्टले भने । तर, नेपाल ह्याचरी उद्योग संघका अध्यक्ष लक्ष्मीदास मानन्धरको भनाइ फरक छ । उनका अनुसार जाडो र उत्पादनमा कमी आएका कारण अण्डाको भाउ बढेको हो । 'उत्पादन गर्ने कुखुरामा गिरावट, किसानको फार्ममा बुढो कुखुरा विक्री भएसँगै धेरै किसान विस्थापित भएकाले नयाँ चल्ला हाल्न नसक्दा पनि मूल्य बढेको हुनुपर्छ', मानन्धरले भने ।

उनले भने, 'अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ । अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन् ।'

नोक्सान थपिँदै गएपछि धेरै किसान पोल्ट्री व्यवसायबाट विस्थापित भएको ह्याचरी उद्योग संघका अध्यक्ष मानन्धर बताउँछन् ।

## दक्षिण...

बढेको नभई कृषकले लागत मूल्य पाउन थालेको र ५ महिनाअघिको अवस्थामा मूल्य पुगेको दाबी गर्छन् ।

लेयर्स कुखुरापालक संघका अध्यक्ष पोखरेलले भने, 'कृषकहरूले लागत मूल्य पाऊन् भनेर आफूहरूले समर्थन मूल्य तोकेको बताए ।'

कुखुराको अण्डाको भाउ हालसम्मकै उच्च भएको गुनासो आइरहेका बेला पोखरेलले भने त्यो सत्य नभएको दाबी गर्छन् ।

कृषक तथा उत्पादकहरूले भाउ बढ्नुको मुख्य कारण नै जाडो महिनामा अण्डाको खपत बढ्नु र उत्पादन घट्नु भएको बताएका छन् ।

'पहिले दैनिक ४४ लाख गोटाभन्दा बढी अण्डा उत्पादन हुन्थ्यो । त्यो घटेर अहिले २२ देखि २३ लाख गोटामा सीमित भएको छ', अण्डा उत्पादक संघका अध्यक्ष के. सी.ले भने । उनले यसै बेला माग बढ्दा मूल्य वृद्धि भएको बताए । उनले जाडो मौसममा अण्डा पार्ने कुखुराले दानाको खपत पनि बढी गर्ने भएकाले लागत पनि बढेको बताए ।

ह्याचरी संघका अध्यक्ष मानन्धरका अनुसार नेपालमा पर्यटकको संख्या बढ्नु, विद्यालय तथा कलेजहरूमा नियमित अण्डाको खपत हुनु, मानिसहरूले जाडोमा अण्डा धेरै खानु जस्ता विविध कारणले माग बढेको छ ।

'उत्पादन घट्नुको एउटा कारण धेरै कृषकहरू यो क्षेत्रबाट पलायन हुनु पनि हो', उनले भने ।

## संघर्षशील...

उनका श्रीमान्ले ६ वर्षदेखि सोही ठाउँमा एउटा साहुको घरमा काम गर्थे, बिनापारिश्रमिक । उनीहरूलाई खान र बस्न मात्र सुविधा थियो ।

त्यसै समयमा आफू २ जीउकी भएको कुरा उनले सुनाइन् । छोरी ३ महिनाकी भइसकेपछि भने उनलाई त्यहाँ बस्न मन लागेन । करिब १ वर्षको सिमलाको बसाइपछि रित्तो हात उनीहरू नेपाल फर्किन बाध्य भए ।

नेपाल आएर खाली बस्न मन भने दुवै जनालाई थिएन । बझाङ गएर घरधन्दा मात्र गरेर पनि सन्तानलाई हुर्काउन सकिन्छ जस्तो नलागेर उनीहरू काठमाडौं आए । जमिन भाडामै लिएर थानकोटमा तरकारी खेती गरेको पनि मीनालाई अस्ति जस्तै लाग्छ । त्यहाँ ८ महिनाजति तरकारी खेती गरेपछि बतासेमा स्थायी रूपमै बस्दै आइरहेकी उनकी आमाजूले त्यहीँ आएर बस्न सुझाइन् । त्यसपछि उनीहरू बतासे पुगे ।

बतासे पुगेपछि सुन्तला बारी, करेसा बारी र एउटा घर उनीहरूको जिम्मा लगाएर मीनाकी आमाजू अन्तै सरिन् । नयाँ ठाउँ, नयाँ परिवेश मात्र नभएर उनका लागि भाषासमेत नयाँ थियो । डोटेली भाषा बोलेरै हुर्केकी मीनाले १ वर्षको भारतको बसाइमा अलिअलि हिन्दी बोल्न सिकेकी थिइन् । नेपाली सुनिरहेको भए पनि उनलाई प्रस्ट बोल्न आउँदैनथ्यो तर पनि उनले त्यतैको समाजअनुसार आफूलाई ढाल्ने प्रयास गरिन् । 'श्रीमान्-श्रीमती मिलेर सिजनमा सुन्तला बेच्थ्यौं, कुखुरा, बाख्रा पालन पनि गऱ्यौं, गाई पालेर दूध पनि बेच्यौं । साधन आउने-जाने बाटोसमेत थिएन त्यो बेला । तरकारी डोकोमै बोकेर गाउँगाउँ बेच्न जान्थ्यौं', मीनाले १० वर्षअघिको संघर्ष सुनाइन् ।

फरक परिवेशबाटै आएका कारण गाउँघरकाले नटेरेका हुन् कि जस्तो पनि लाग्थ्यो उनलाई । भन्छिन्, 'कताकताबाट आएर बसेका छन् । यिनीहरूले के गर्न सक्लान् ? यताको कामै गर्न सक्दिन यसले भन्थे तर पनि हिम्मत हारिनँ ।'

बतासेको १ वर्षको बसाइपसछि दोस्रो सन्तानको रूपमा छोरालाई जन्म दिएको मीनाले सुनाइन् । अब २ जना सन्तानलाई हुर्काउनका लागि भए पनि थप मिहिनेत गर्नुपर्छ भन्ने सोचले ७ रोपनी जग्गा भाडामा लिएको उनको भनाइ छ ।

सोही जग्गामा श्रीमान्को आडमा तरकारी फलाउँदै, बेच्दै जसोतसो घर व्यवहार धानिरहेकी मीनाले ३ वर्षअघि दुःखको भुमरीमा आफू परेको बताइन् । 'दुवै जना मिलेर गरिरहेकै थियौं । ठीकै भइरहेको थियो तर श्रीमान् कति बेला डिप्रेसनको सिकार हुनुभएछ, थाहै भएन', दुःख पोखिन् उनले । सिमलामा ६ वर्षसम्म काम गरेर पारिश्रमिक नपाएको तनावले हिक्मतलाई डिप्रेसनको सिकार बनाएको मीनाको भनाइ छ ।

'पहिला पनि साहुले दे'को थे'न । म ग'को बेला हात जोडेर पनि माग्यौं, दिएन । यतै आएर बस भन्ने तर पैसा नदिने । छोरी बिरामी छ, उपचार खर्च छैन भन्दा पनि दिएन । त्यै कारणले डिप्रेसनमा जानुभयो । अस्पतालमा जाँच गर्दा केही नदेखिने । अवस्था गम्भीर भा'थ्यो । १ महिना आईसीयूमा राखेको, बचाउन सकिएन । अलिअलि जोडेको कुरा पनि रित्तियो', उनले गहभरी आँसु बनाइन् ।

यसपछि आफू नै डिप्रेसनमा जाने अवस्थासमेत आएको मीनाको भनाइ छ । तर, एउटी आमा भइरहँदा सन्तानका खातिर आफूलाई व्यस्त राखेर त्यो पीडालाई दबाउन सकिने रहेछ भन्ने कुरा पनि त्यो समयमा उनले बुझिन् ।

सँगैसँगै माइतीघरबाट भाइ आएका कारण आफ्नो चोटमा मह्लम लागेको महसुस पनि उनलाई भएको थियो । 'कामको भारी पिठचुँमा, खेती, घर धन्दा, एकछिन हात खाली हुन्थेन । लगत्तै विदेश जान्छु भनेर भाइ आयो अनि मलाई आँट पनि आयो- सक्छु जे गर्न नि भन्ने', मीनाको मलिन अनुहारमा मुस्कुराहट छायो ।

त्यसको १ वर्षपछि धुलिखेल नगरपालिकाले महिला परिषद्को सहयोगमा दिएको १ महिने आधारभूत ड्राइभिङ तालिम लिएको उनले बताइन् । यसैबीच साना किसान तथा ऋण सहकारी संस्थाबाट २ लाख रुपैयाँ ऋण लिइन् र भाइले विदेश जान भनी राखेको पैसा जोडेर एउटा टेम्पो किनेको उनले सुनाइन् ।

आफूले तालिम लिएको भए पनि तत्कालै नचलाएको र त्यो टेम्पो भाइले चलाएको उनले बताइन् । यसपछि फलाएको तरकारीलाई बजार पुऱ्याउन पनि सहज भएको उनको भनाइ छ । भाइले बिस्तारै टेम्पोकै कमाइले सहकारीको ऋण चुक्ता गरेको र विदेशको सपना त्यागेर आफैंसँग बस्दै आएको मीनाले सुनाइन् । भाइले राम्रै गरिरहेको भए पनि सधैं उसकै भर परेर नहुने सोचले ३ महिनाअघि आफ्नै लागि मीनाले अटो किनेकी हुन् ।

पहिला तरकारीवाली, सुन्तलावाली, दूधवाली भनेर चिनिने मीना अहिले 'अटोवाली'को नामले बतासेमा चिनिइरहेकी छन् । पहिले यसले केही गर्न सक्दिन भन्नेहरूले पनि अहिले उनको हिम्मत र मिहिनेतको तारिफ गर्ने गरेका छन् ।

जुनसुकै परिस्थितिमा पनि कमजोर नबनी काम गरिरहे परिश्रमको फल पाइने उनको विश्वास छ । खेतीसँगै अटो हाँकिरहेकी उनले छोरीलाई कक्षा ६ र छोरालाई कक्षा ५ पढाइरहेकी छन् ।

अहिले पनि आमाजूकै घरमा बसिरहे पनि बतासेमै एउटा घडेरी जोडिसकेको मीनाले बताइन् । आगामी दिनमा थप मिहिनेत गरेर भाडाको जग्गाको साटो आफ्नै जमिन किनेर एउटा कुशल व्यवसायी बन्ने उनको सपना छ ।

## नेपाली...

बताए । सोमबार जिम्मेवारी सम्हाल्न मलेसिया जान लागेका डा. तिम्सिना राजदूत नियुक्त हुनुअघि एमाले सामाजिक सेवा विभागका सचिव थिए । डा. तिम्सिनालाई राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार राजदूत नियुक्त गरेका हुन् । डा. तिम्सिनाले मलेसियाको रोजगारीमा ओभरटाइमसम्बन्धी विषयमा रहेको फरकफरक बुझाइले कामदार र उनीहरूलाई पठाउने म्यानपावर कम्पनीका बीच पटकपटक असमझदारी रहेको विषयमा आफू जानकार रहेको पनि बताए ।

उनले भने, '१५ सय नियमित तलब र ओभरटाइमको ७०० गरी २२ सय रिंगेट अथवा करिब ६८ हजार रुपैयाँ तलब हुने आश्वासन दिएर साढे २ देखि ३ लाख लिने गरिएको रहेछ, यस विषयमा कहिलेकाहीँ तनाव हुन्छ । मलेसिया पुग्नासाथ कामदारले काम नपाएको अवस्थामा तुरुन्तै सबै रकम फिर्ता गर्नुपर्ने व्यवस्था गरे कामदारको समस्या समाधान हुने देखेको छु ।' नेपाल र मलेसियाबीच सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । मलेसियाले सन् २००१ को सुरुदेखि नै नेपाललाई विदेशी कामदारको स्रोत देशको रूपमा मान्यता दिएको छ । मलेसिया सरकारको यो निर्णय हालैका वर्षहरूमा द्विपक्षीय सम्बन्धको सुदृढीकरण र विविधीकरणका लागि प्रमुख कारक बनेको राजदूत डा. तिम्सिनाले बताए । पछिल्ला दिनमा मलेसियाले पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । राजदूत डा. तिम्सिनाले त्यसलाई ध्यान दिँदै दुवै मुलुकमा पर्यटक आवागमन र नेपालमा मलेसियाको लगानी अभिवृद्धिका लागि काम गर्ने बताए ।

नेपाल र मलेसियाबीच सन् २००३ मार्चदेखि सिधा हवाई सम्पर्क भएको र हाल साप्ताहिक १९ उडान भइरहेकाले आगामी दिनमा दुवै देशलाई अझ नजिक ल्याउन पहल गरिने पनि बताए । सन् २०२५ देखि मलेसिया आसियान मुलुकहरूको अध्यक्ष भएकाले नेपाललाई आसियान मुलुकबाट पुऱ्याउने लाभबारे पनि आफूले काम गर्ने उल्लेख गरे ।

पार्टी केन्द्रीय सदस्य तथा विभाग प्रमुख संविधानसभा सदस्य कल्पना चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पार्टी महासचिव शंकर पोखरेलले नेपाली श्रमिकको प्रमुख गन्तव्यमा डा. तिम्सिना जस्तो योग्य व्यक्ति राजदूतको जिम्मेवारीमा जानु सुखद भएको टिप्पणी गरे ।

पूर्वपरराष्ट्रमन्त्री डा. विमला राई पौडेलले विभिन्न कारणले समस्यामा पर्ने नेपालीको उद्धार मुख्य चुनौती रहेको भन्दै मलेसियामा जुनसुकै गतिविधिमा संलग्न भएको भए पनि नेपाली राजदूतले उनीहरूलाई बिनापूर्वाग्रह संरक्षण प्रदान गर्न सक्नुपर्ने सुझाव दिइन् ।

अमेरिकाका लागि पूर्व नेपाली राजदूत डा. अर्जुन कार्कीले गरिबीको रेखामुनि रहेका विपन्न कामदारको अभिभावकीय जिम्मेवारी पूरा गर्न र नेपालको आर्थिक स्वार्थलाई कलात्मक शैलीमा पूरा गर्न नवनियुक्त राजदूत डा. तिम्सिनालाई सुझाव र शुभकामना दिए ।

## रूसका...

अध्यक्ष डा. के. सी.ले इराकको कुर्दिस्तानमा रहेका नेपालीका समस्याबारे जानकारी गराउँदै तत्काल समस्या समाधानका लागि पहल गर्न र चेक रिपब्लिकमा श्रम स्वीकृति रोकिएको विषयमा पनि मन्त्री भण्डारीलाई आग्रह गरेका छन् ।

जबाफमा मन्त्री भण्डारीले परराष्ट्र मन्त्रालयमार्फत समन्वय गरेर उक्त समस्याको समाधान खोज्ने बताए । रुसका लागि नवनियुक्त राजदूत डा. जंगबहादुर चौहान र संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतसमेत भेटमा सहभागी थिए ।

# गण्डकी प्राविधिक शिक्षालय बनाउन सम्झौता



**काठमाडौं/मस-** गण्डकी प्रदेशमा प्राविधिक शिक्षालय निर्माण गर्न कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र गण्डकी प्रदेश सरकारबीच सम्झौता भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा शुक्रबार एक कार्यक्रमबीच कोइका र गण्डकी सरकारबीच सहयोग सम्झौता भएको हो । सम्झौतापत्रमा गण्डकीका सामाजिक विकास मन्त्रालयका सचिव राजेन्द्रदेव पाण्डे र नेपालस्थित कोइकाका निर्देशक मुहेओन कङले हस्ताक्षर गरेका छन् ।

कोइकाले शिक्षालय निर्माण परियोजनाका लागि नौ मिलियन अमेरिकी डलर अर्थात् एक अर्ब २३ करोड रुपैयाँ सहयोग गर्नेछ । साथै, प्राविधिक संस्थान भवन निर्माण, अल्पकालीन तालीम, संस्थानको सञ्चालन योजना, करिअर सेवा प्याकेज र उद्योगसँगको साझेदारी पहिचान गरी प्राविधिक संस्थानको गुरुयोजना विकासका लागि प्राविधिक मार्गदर्शन र सहयोग पनि प्रदान गर्नेछ ।

सम्झौतामा हस्ताक्षर गरेपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी इन्स्टिच्यूट टेक्नोलोजीको पूर्वाधार विकास परियोजनाका लागि कोइकाले आर्थिक सहयोग गरेकामा खुशी व्यक्त गर्दै समयभित्र नै परियोजना पूरा हुने बताए ।

मुख्यमन्त्री पाण्डेले नेपाल र दक्षिण कोरियाबीचको द्विपक्षीय सहकार्यको प्रशंसा गर्दै परियोजनाले नेपालको आर्थिक समृद्धिका लागि आवश्यक सीप र दक्ष जनशक्ति उत्पादन गर्ने विश्वास व्यक्त गरे । कोइकाका देशीय निर्देशक कङले परियोजनाले युवा, महिला र विपन्न वर्गका लागि गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच पुग्ने विश्वास व्यक्त गरे ।

# प्रेस सेन्टर कालीकोटमा नयाँ समिति

कमल कुमाल/मध्यान्ह
कालिकोट, १९ पुस



प्रेस सेन्टर नेपाल कालीकोटको अध्यक्षमा वीरेन्द्र आचार्य दोहोरिएका छन् । शुक्रबार भएको तेस्रो जिल्ला अधिवेशनबाट अध्यक्षमा पुनः अध्यक्षमा दोहोरिएका हुन् । उपाध्यक्षमा पूर्ण सिंह बम र सुरशानाथ योगी, सचिवमा कमल बुढा, सहसचिवमा दिनेश फर्साल र धनबहादुर सार्की र कोषाध्यक्षमा कमल कुमाल चयन भएका छन् । यस्तै वरिष्ठ सदस्यहरूमा केशव शाही, सजिप्ता बम तथा सदस्यहरूमा टीकाराज उपाध्याय, दिलिप चौलागाई, कल्पना चौलागाइँ, सुस्मिता वि.क, सत्य रोकाया, ऐनराज कार्की, तिलक विष्टलाई चयन गरिएको छ ।

तेस्रो जिल्ला अधिवेशनमा प्रेस सेन्टर नेपालका केन्द्रीय उपमहासचिव दिपेन्द्र शर्मा, केन्द्रीय सदस्य रत्न कार्की, प्रेस चौतारीकाबा कालीबहादुर मल्ल, खडानन्द अधिकारी, प्रेस युनियनका जिल्ला अध्यक्ष नमराज योगीसहित नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तुलाराम पाण्डे, माओवादी केन्द्रका जिल्ला सचिव सरोज बोगटी लगायतको उपस्थिति थियो ।

तेस्रो अधिवेशनबाट प्रेरणा वि.क लगायतका ६ जना प्रदेश प्रतिनिधि र केन्द्रीय प्रतिनिधिमा रुपेन्द्र ऐडीसहित ४ जना चयन गरिएको नवनिर्वाचित अध्यक्ष आचार्यले जानकारी दिए ।

# चितवन महोत्सव २५ पुसदेखि



**काठमाडौं/मस-** २५ पुसदेखि चितवन महोत्सवको १५औं संस्करण सुरु हुने भएको छ । चितवनको गौरव र ऐतिहासिक महत्व बोकेको यो महोत्सव १० माघसम्म चल्ने आयोजक उद्योग वाणिज्य संघ चितवनले जनाएको छ ।

२०५३ सालदेखि हरेक २-२ वर्षको अन्तरालमा चितवन महोत्सव हुँदै आएको छ । राजधानीमा शुक्रवार आयोजित पत्रकार सम्मेलनमा महोत्सवको बारेमा जानकारी गराउँदै आयोजक समितिले जिल्लाको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, औद्योगिक विकासलागायत समग्र आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागेको जानकारी दियो ।

१५ दिनसम्म चल्ने महोत्सवमा विगतका वर्षहरू झैं खेलकुद, जलयात्रा, स्वास्थ्य सेवा, आदिवासी जनजातिहरूको भेषभूषा, कला संस्कृति, ख्याति प्राप्त राष्ट्रिय कलाकारको सांगीतिक प्रस्तुतिका साथै प्रतियोगितात्मक कृषि उपजको प्रदर्शनीले निरन्तरता पाउनेछ ।

महोत्सवमा ७ वटा विशेष स्टल, डोम, कृषि परिसर, अटो परिसर, निर्माण एक्सपो, मेसिनरी स्टल, विभिन्न संघ संस्थाका स्टल, रेष्टुरेन्ट परिसरसहित ४३० वटा स्टलहरू रहनेछन् ।

परम्परागत खानाको प्रवर्द्धन गर्ने उद्देश्यले क्याम्पसचौर नारायणगढमा फुड फेस्टिभलसहित जिल्लाको समग्र पक्षको विकासमा केन्द्रित रही सेमिनार तथा गोष्ठीलगायतका कार्यक्रम संचालन गरिने उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष एवं महोत्सवका मूल संयोजक सुमन श्रेष्ठले बताए । नव उद्यमीहरूको पहिचान गर्ने उद्देश्यले स्टार्टअपलाई जोड दिँदै उद्यम गर्न चाहने युवाहरूको तथ्यांक संकलन गरिने संघका उपाध्यक्ष राजेन्द्र ओलीले जानकारी दिए ।

# ३ वटा विद्यालय भवन शिलान्यास

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १९ पुस



रौतहटको फतुवा बिजयपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले एकै दिन तीन वटा विद्यालय भवनको शिलान्यास गरेकी छन् ।

नगर प्रमुख खातुनले फतुवा विजयपुर नगरपालिका-५ सन्तपुर दोस्तियामा श्री आधारभूत विद्यालयको चार कोठे भवनको शिलान्यास गरिन् । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको योजना अन्तर्गत ५५ लाख रुपैयाँ लागतमा विद्यालय भवन बन्नेछ ।

यस्तै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५५ लाख रुपैयाँकै लागतमा फतुवा विजयपुर नगरपालिका-टेङ्गाहामा रहेको श्री माध्यमिक विद्यालयमा चार कोठा भवनको पनि कार्यवाहक नगरप्रमुख खातुनले शिलान्यास गरिन् । विद्यालयको भवन १२महिना भित्र सम्पन्न हुने छ । यस्तै सोही नगरपालिकाको वडा ८ विजयपुर बजारमा रहेको विजयपुर माध्यमिक विद्यालय पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बन्ने भवनको कार्यवाहक नगरप्रमुख खातुनले शिलान्यास गरिन् । चार कोठे सो विद्यालय भवन ५५ लाख रुपैयाँकै लागतमा निर्माण हुने कुरा प्रधानाध्यापक शंकर यादवले बताए ।

**साउदीमा रोजगार**
कम्पनी: BAHRAINIAH INTERNATIONAL CONTRACTING CO.
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ चलानी नं.: ६०२३०८४८
शहर: Riyadh
LT. No.: 316630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Boy/cleaner | 14 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २७ गते (11 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Landline no :- 5915290 Contact Person :- 9801357726, 9801357728, 9801357729, 9801591168, 9808533103, 9827713813, 9707558299 aayusoverseas1341@gmail.com | Web: www.aayushoverseas.com.np

# ईश्वर पोखरेलको ‘आमा, सपना र ताराहरू’ लोकार्पण



**काठमाडौं/मस-** नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलद्वारा लिखित संस्मरण संग्रह ‘आमा, सपना र ताराहरू’ लोकार्पण भएको छ। शुक्रबार नेपाल प्रज्ञा प्रतिष्ठानमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, उपमहासचिव प्रदीप ज्ञवाली, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालगायतले पुस्तक लोकार्पण गरेका हुन् ।

लोकार्पण कार्यक्रममा बोल्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले तत्कालीन समयमा निरंकुश निरर्दलीय पञ्चायती शासकहरूले राजनीतिक दलमा लगाएको प्रतिबन्धलाई समाप्त पार्न कम्युनिष्ट पार्टीको कार्यकर्ताको रुपना पोखरेल स्थापित भएको औंल्याइन्। उनले प्रजातन्त्र ल्याउनका लागि पोखरेलले गरेको आन्दोलन र छोरा आन्दोलनमा होमिदा आमालाई भएको पीडालाई पुस्तकमा समावेश गरेको बताइन् । त्यस्ता पीडालाई लेखककी आमाले मात्र नभइ राजनीतिक परिवर्तन चाहने सबैकी आमाले सहेका कारण प्रजातन्त्र स्थापना भएको भण्डारीले बताइन्। साथै उनले सर्जकहरूले आफ्ना सिर्जनामार्फत देश र जनताको सेवामा थप कलम चलाउनु पर्नेमा जोड दिइन्।

एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले पुस्तकमा आमासँगका कुराहरू मात्र नसमेटिएर आमासँगै अघि बढेको एक सय वर्षको नेपाली समाजको अवस्था, जसमा पारिवारिक संगठन र विघटनको स्वरुप, जलवायु परिवर्तन र बसाइँ-सराइँले पारिरहेको प्रभाव, नेपालको एकीकरण र त्यसमा पूर्खाहरूले दिएको योगदानको विषय पनि समेटेको उल्लेख गरे। उनले भने, ‘अहिले अभ्यासमा रहेको राजनीति र लोकतन्त्र सित्तैमा आएको होइन। नेपाली समाज वर्तमान अवस्थामा आइपुग्न धेरै आमाहरू र ईश्वर पोखरेलजस्ता योद्धाको ठूलो संघर्ष र बलिदान छ।’

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पुस्तकको समीक्षा गर्दै आमालाई विरङ्गनाको उपमा दिइएकोप्रति खुसी व्यक्त गरे । उनले एउटा आमाले सन्तानका लागि गर्ने दुःख र भोग्न सक्ने पीडाको कुनै सीमा नहुने बताए।

कार्यक्रममा समालोचक उपप्राध्यापक डा.विन्दु शर्माले शब्द चयनमा समेत निकै सजगता र सचेतना अपनाइ नेपाली आमाहरूको त्याग, समर्पण र बलिदानीबारे इमान्दारीपूर्ण संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको कृतिमा भावुक पार्ने क्षण र विषयवस्तु प्रशस्त रहेको धारणा राखिन्।

कृतिका लेखक पोखरेलले आफ्नी आमालाई परिवर्तन र रुपान्तरणको पात्रका रूपमा प्रस्तुत गर्दै समाज परिवर्तनको आन्दोलनका सिलसिलामा नेपाली आमाहरूलाई कसरी र कुन ठाउँमा पाइयो भन्ने विषयवस्तु जस्ताको त्यस्तै उतार्न कोशिस गरेको बताए।

कृतिमा पति र पुत्रवियोगमा, आर्थिक अभावमा पनि समाज र सन्तानलाई देश र जनताका पक्ष अटल रहन प्रेरणा दिएका घटना समेटिएका छन्।

पुस्तकमा माइती र घरमा आमा, पीडादायी घरायसी अवस्था, बाबुको निधन र त्यसपछिका चुनौती, आमासित छुट्टिन पर्दा, विद्यार्थी जीवन र राजनीतिमा प्रवेश, मैले घर छोडेपछि आमाको अवस्था, भूमिगत अवस्थामा आमासित भेट, मलाई बचाउने औतारी लामा, आँखा दान गर्ने आमा र आमाको स्वभाव शीर्षकमा विभिन्न विषयवस्तु समावेश छन्। यसअघि पोखरेलले ‘पूर्वको रातो तारा’, ‘माघ १९’ लगायत कृति प्रकाशित भइसकेका छन्।

# ‘सरकार गम्भीर नभएकै कारण युवाशक्ति पलायन’

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, १९ पुस



निजी तथा आवासीय विद्यालय अर्गनाइनेशन नेपाल(प्याब्सन)का प्रमुख सल्लाहकार टिकाराम पुरीले सरकार गम्भीर नभएकै कारण युवाशक्तिहरु पलायन भएको बताएका छन्। प्याब्सन मोरङको १६ औं जिल्ला अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले नेपालमै पढ्दै कमाउने वातावरण तयार भए विद्यार्थी पलायन हुने क्रम रोकिने बताए। उनले भने, ‘श्रमको सम्मान र मूल्य हुनुपर्छ, पढ्दै कमाउने वातावरण तयार भए युवा पुस्ताले बाध्यात्मक रुपमा विदेशीने क्रम रोकिन्छ।’ यसतर्फ सरकारको ध्यान जान नसकेको भन्दै पुरीले देशको विकास र समृद्धिको लागि पनि देशमा शिक्षा अनुसारको पेशा गर्न पाउने वातावरण तयार गर्नुपर्नेमा जोड दिए।

यस्तै उनले परेका बेला बोल्न र आफ्नो संगठनको कुरा राख्न नसक्ने व्यक्तिबाट नेतृत्व सफल नहुने बताए। मुलुक संघीयतामा गएपछि तीन तहका सरकार छन् भन्दै उनले तीन वटै सरकारसँग कुरा राख्न सक्ने र नीति निर्माणमा आफ्नो उपस्थिति खोज्न सक्नुपर्ने बताए।

यस्तै प्याब्सनका केन्द्रीय उपाध्यक्ष कृष्ण अधिकारी, गोपाल आचार्य, टीआर ढकाल लगायतले प्याब्सनले देशको शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको चर्चा गरेका थिए। विराटनगर महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख राम ढुंगेलले निजी विद्यालयहरूसँग समन्वय गरेर अघि बढ्ने बताए। कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेख्य योगदान गर्नेहरूलाई सम्मान समेत गरिएको थियो।

# ‘दिगो वन व्यवस्थापनलाई ध्यान दिन आवश्यक’

**मेनका चौधरी/मध्यान्ह**
बर्दिया, १९ पुस



डिभिजन वन कार्यालय बर्दियाका प्रमुख तथा डिभिजनल वन अधिकृत विजयराज सुवेदीले दीगो वन व्यवस्थापनलाई ध्यान दिन आवश्यक रहेको बताएका छन्। उनले उमेर पुगेका रूख कटान र त्यस स्थानमा नयाँ बिरुवा उमार्ने प्रक्रियाले दीगो वन व्यवस्थापनलाई सहयोग पुऱ्याउने बताए।

डिभिजन वन कार्यालयद्वारा आयोजित दीगो वन व्यवस्थापन तथा सम्बर्द्धन प्रणाली कार्यान्वयन सुदृढीकरण सम्बन्धी पत्रकारसँगको अन्तरक्रिया/गोष्ठीमा उनले वन व्यवस्थापन प्रणालीले वन क्षेत्रलाई उत्पादनशील बनाउनेमा जोड दिए। डिभिजन वन कार्यालयले वन व्यवस्थापन, वन तथा वन्यजन्तु संरक्षण, वन विकास, पैदावार बिक्रीवितरण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई आफ्नो मुख्य कामका रूपमा अघि सारेको उनले बताए।

उनले काठदाउरा वितरण, जैविक मार्गको व्यवस्थापन, वन डढेलो नियन्त्रण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण लगायतका गतिविधिलाई वन कार्यालयले प्राथमिकतामा राखेको र यसले बर्दियाको दिगो वन व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बताए।

प्रमुख सुवेदीले भने, ‘बर्दियामा हाल २८२ सामुदायिक वन छन्। सामुदायिक वनहरूको प्रभावकारी भूमिका र सहकार्यमा सरकारले नयाँ योजनाहरू कार्यान्वयन गरिरहेको छ। यीमध्ये १६ वटा वन व्यवस्थापन योजनाहरू संशोधन भइसकेका छन् भने बाँकीलाई हालको प्रणालीअनुसार परिमार्जन गरिनेछ।’

उनले दीगो वन व्यवस्थापन प्रणालीअनुसार बर्दियामा अनुमानित ६ हजार हेक्टर वन क्षेत्रको ३ हजारदेखि ४ हजार रूख कटान गरिने बताए। यो प्रक्रियाले वातावरणीय सन्तुलन कायम गर्दै जंगललाई पुनर्जन्म दिने उनको विश्वास छ। पुनरुत्पादन कटान, पतल्याउने कटान र सुधार कटान गरेर जंगललाई थप हराभरा बनाइने प्रमुख सुवेदीले बताए।

# ३०० बढी नागरिकले पाए सेवा



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ पुस

अर्घाखाँचीको शीतगंगा नगरपालिकाले वडा नम्बर ५,६ र ७ मा एकीकृत घुम्ती शिविर सञ्चालन गरेको छ। नागरिकलाई राज्यले प्रदान गर्ने सेवा गाउँमा नै दिने उद्देश्यले नगरपालिकाले सबै वडामा एकीकृत घुम्ती शिविर सञ्चालन गरी सेवा दिन सुरु गरिएको शीतगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेलले जानकारी दिए।

नगरपालिकाको वडा नम्बर ६ जुकेना देउरालीबाट बिहीबार एक समारोहबीच नगरपालिकाका प्रमुख छबिलाल पौडेलले सेवाग्राहीलाई अपाङ्ग परिचयपत्र हस्तान्तरण गरी घुम्ती शिविर सञ्चालन गरिएको घोषणासहित कार्यक्रम शुभारम्भ गरेका थिए। घुम्ती शिविरमार्फत नागरिकलाई राज्यले प्रदान गर्ने सेवासहित नगरपालिकाको कार्यालयबाट प्रदान हुने सेवाहरूलाई वडा तहबाट प्रदान गरिएको नगरपालिकाका उपप्रमुख गिता भाटले जानकारी दिइन्।

कार्यक्रममा नगरप्रमुख छविलाल पौडेलले भने,‘नेपालमा तीन तहका सरकार छन्। एउटा सरकारले गर्ने काम रेडियो टेलिभिजनबाट जानकारी पाइन्छ। एउटा सरकार बेला-बेला गाउँमा झल्याक झुलुक गर्छ। अर्को सरकार जनताको सरकार हो, जुन सरकार सेवा दिएर तपाईंका कुरा सुन्न बस्ती गाउँटोलमा पुग्छ।’

शीतगंगा ६ देउरालीबाट सुरु भएको घुम्ती शिविर नगरपालिकाका धेरै वडामा पुगेर सेवा दिने तयारी भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन जिसीले जानकारी दिए।

वडा तहमा सञ्चालित शिविरबाट नागरिकलेविभिन्न प्रकारका सिफारिस, स्वास्थ्यकर्मीबाट स्वास्थ जाँच, अपांग परिचयपत्र, योजना सम्झौता, जेष्ठ नागरिक परिचयपत्र, महिला शाखा, कृषि शाखा, प्रधानमन्त्री रोजगार कार्यक्रम शाखाले नगरपालिकाबाट दिने सेवा नागरिकले घरको नजिकबाट लिएका छन्।

योजना अधिकृत नुमलाल खनालका अनुसार शिविरमा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र अशक्तहरुलाई लक्षित गरेर नगरपालिकाले सञ्चालन गरेको हो। ‘सिंहदरबारको अधिकार, गाउँ-गाउँमा’ भन्ने मूल नारासहित नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, शाखा प्रमुखहरु सेवा लिएर गाउँमा आएपछि आफुहरु हर्षित भएको वडा नं.७ का स्थानीय टान बहादुर क्षेत्रीले बताए।

सबै वडामा गरिएको व्यवसाय दर्ता, व्यवसाय इजाजत, व्यवसाय पुँजी हेरफेर, व्यवसाय नामसारी, व्यवसाय खारेजी, व्यवसाय नवीकरण र योजना सम्झौता तथा राजश्व संकलन गरिएको नगरपालिका वडा नम्बर ५ का अध्यक्ष चन्द्रमणि बेल्वासेले जानकारी दिए। शिविरमार्फत् सबै वडामा गरी ३४ वटा भन्दा बढी यो वर्ष उपभोक्ता समितिमार्फत सम्पन्न हुनुपर्ने योजनाहरूको सम्झौता भएको योजनाशाखाका कर्मचारी लक्ष्मी भट्टराईले जानकारी दिइन्। कार्यक्रममा वडा नम्बर ६ का अध्यक्ष ऋषि रेश्मीले शिविरको सफलताप्रति खुशी व्यक्त गर्दै शितगंगा नगरपालिकाले नागरिकहरूको हितमा राम्रो कदम चालेको बताए।

नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरू र स्वास्थ्यकर्मीहरूको समन्वयमा सेवा छिटोछरितो रूपमा उपलब्ध गराउँदा नागरिकहरूले ठूलो राहत महसुस गरेका छन्।

# विष्णुमती करिडोरमा ट्र्याक खन्ने कार्यको शिलान्यास



**काठमाडौं/मस-** बुढानिलकण्ठ र टोखा नगरपालिका जोड्ने विष्णुमती करिडोरको ट्र्याक खोल्ने कार्य सुरु भएको छ। शुक्रबार बिहान काठमाडौं क्षेत्र नं. ५ का प्रतिनिधि सभा सदस्य एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले ट्र्याकको शिलान्यास गरेका हुन्।

संघीय सरकारबाट एक करोड विनियोजन गरी ससुरु भएको करिडोरको कामका लागि बजेट वृद्धिमा समेत सघाउने मन्त्री पौडेलले प्रतिबद्धता जनाए। करिडोर खुल्न नसक्दा विकासको काम पछि परेको भन्दै मन्त्री पौडेलले आफूले नागरिकको दुःख पीडा देखेरै त्यसलाई कम गर्न पहल गरेको बताए। ‘यस करिडोरले दुवै तहको विकास र समृद्धिमा योगदान पुग्नेछ,’ मन्त्री पौडेलले भने, ‘नागरिकको विकास आवश्यकता पूरा गर्न हाम्रो सदैव साथ रहनेछ।’

बुढानिलकण्ठ क्षेत्रमा सडक डिभिजन विभागबाट सडक विस्तार हुनेछ। यसैगरी टोखा नगर क्षेत्रको करिडोरमा काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत् सडक विस्तारको काम सुरु भएको छ।

हाल बुढानिलकण्ठको धनेश्वर धन्ने ढिकुरो क्षेत्रबाट सुरु करिडोरको ट्र्याक स्कोन मन्दिरसम्म पुऱ्याउने लक्ष्य छ। क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारले हातेमालो गरेर सफल पार्नेसमेत मन्त्री पौडेलले प्रतिबद्धता जनाए।

कार्यक्रममा बागमती प्रदेशका खानेपानी तथा सिचाइँ मन्त्री श्यामबहादुर खड्का, बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारी तथा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीसमेत सहभागी भएका थिए। उनीहरुले विकास निर्माणका लागि तीन वटै तहबीच समन्वय र सहभागीता रहने भन्दै मन्त्री पौडेलसँग मिलेर काम गर्ने प्रतिबद्धता जनाए। बुढानिलकण्ठ-४ का वडाध्यक्ष श्रीराम केसीले बुढानिलकण्ठ र टोखा दुवैतर्फ बाटो खुलाउन सांसद एवं स्वास्थ्य मन्त्री पौडेलले सहयोग गरेको बताए।

# जनसम्पर्क समिति कतारको रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १९ पुस

नेपाली जनसम्पर्क समिति कतारले ४९औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको पारेर बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। शुक्रबार बिहान नेपाली रक्तदाता संघ कतारसँगको समन्वयमा हमद हस्पिटलको ब्लड डोनेसन सेन्टरमा सम्पन्न रक्तदान कार्यक्रममा ५२ जनाले रक्तदान गरेका छन्।

१६० जनाको उपस्थिति रहेकोमा ७८ जनाले नाम दर्ता गरे पनि विभिन्न कारणले ५२ जनाले मापदण्ड अनुसार रक्तदान गर्न सफल भएको समितिका उपसभापति तथा कार्यक्रमका संयोजक ठाकुर कुमार परियारले मध्यान्ह दैनिकलाई जानकारी दिए। समितिले मेलमिलाप दिवसका अवसरमा विगतका वर्षहरूमा रक्तदानसँगै वनभोज, सांस्कृतिक, साहित्यिकलगायतका कार्यक्रमहरूको आयोजना गरेर मनाउने गरेको भए पनि यो वर्ष रक्तदानलाई अलग रूपमा मनाएको हो। यही २४ तारिक १०औं वृहत वनभोज कार्यक्रमको आयोजना गर्न लागिएको समितिका सभापति अजिज अलिले बताए।

कार्यक्रममा महासमिति सदस्य, संस्थापक, महाधिवेशन प्रतिनिधि, सल्लाहकार, पूर्वपदाधिकारी, इकाई कमिटी र राष्ट्रिय लोकतन्त्र समाजवादमा आस्थावानहरूको सहित कतारमा स्थापित वैचारिक, सामाजिक, व्यावसायिक, सामुदायिक, साहित्यिक संघ संस्थाहरूको उपस्थिति रहेको थियो। रक्तदाताहरूलाई समितिले कदरपत्रले सम्मान गरेको थियो।

# मेट्रो काठमाडौं अस्पताल र ट्रक व्यवसायी महासंघबीच सम्झौता



**काठमाडौं/मस-** मेट्रो काठमाडौं अस्पताल र नेपाल ट्रक यातायात व्यवसायी महासंघबीच सवारी दुर्घटनामा घाइते भएका व्यवसायीहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले विशेष सम्झौता भएको छ।

उक्त सम्झौतामा हस्पिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत टोपेन्द्र प्रकाश ओली र महासंघको तर्फबाट महासचिव राजेन्द्र विक्रम बाँनियाले हस्ताक्षर गरेका हुन्। महाराजगञ्जस्थित मेट्रो काठमाडौं अस्पतालले महासंघमा आवद्ध व्यवसायीहरूको आकस्मिक अवस्थामा उपचार सहज बनाउन सहमति जनाएको हो।

सम्झौता अनुसार, दुर्घटनामा परेका बिरामीको उपचार तत्काल सुरू गरिनेछ। बिरामीलाई आकस्मिक कक्षमा भर्ना गरी आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ। महासंघले उपचारको लागि आवश्यक कागजात र आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी लिनेछ। अस्पतालले बिरामीको उपचार खर्चमा विशेष छुटको पनि घोषणा गरेको छ।

५ लाखभन्दा कमको उपचार खर्चमा १५ प्रतिशत र ५ लाखभन्दा माथिको खर्चमा २० प्रतिशत छुट दिने सहमति भएको छ। त्यस्तै, अस्पतालको फार्मेसीबाट खरिद गरिने औषधिमा १० प्रतिशत छुटको सुविधा उपलब्ध गराइनेछ।


**UAE मा रोजगार**

कम्पनी: RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१९ — चलानी नं.: ६०२३०८४७ — L.T. No.: 316631

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 75 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Laundry Staff | 10 | 0 | | 1100 | ४०,९९७ | | | | | | | |
| 3. | Roomboy | 60 | 0 | | 1100 | ४०,९९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष २७ गते (11 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** — श्रम इजाजत नं.: ९५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७



## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/०९/२० गते**

यस कार्यालयको आ. व. २०८१/०८२ को लागि मिति २०८१/०८/०९ गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E–bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत बोलपत्रको रकम (भ्याट र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | KRM-NCB-W-03-2081/082 | Sadhanmudachaur Ek Ghar Ek Dhara Khanepani Aayojana | P.L. Engineering & Builders, Baijanath -04, Banke | 30,11,091.9 | |

**प्रमुख प्रशासकीय अधिकृत**

कथा

# मीतबाको चौतारी

*बिरामीबाट तंग्रेको १ महिनापछि नेपाली मञ्च अस्ट्रेलियाले आयोजना गरेको "बुढेसकालमा विगत सम्झँदा" शीर्षक कार्यक्रममा मीतबाले आफ्नो अनुभव राख्नुभएको भिडियो प्राप्त गर्छु । त्यो भिडियोभरि मीतबाले "छोरा प्रभुशरण" भनेर बोल्नुभएको रहेछ । सुन्दा पनि आँखाबाट बर्बर आँसु झरे...*



■ रामशरण कोइराला



ध्वनि प्रदूषणग्रस्त इलाकाको एउटा फोहोरको थुप्रो नजिकै एक वृद्ध उभिएका छन् । अलिक पर केटाहरूको हल्ला चर्को सुनिएको छ । जिन्दगीका सयौं हिउँदहरू छिचोलेर आएका वृद्ध दौरा, सुरुवाल र कोट लगाएर उभिएका छन् । उनी हातले संकेत गर्छन्, म स्कुटी रोक्छु ।

'कहाँसम्म जाने बा ?', म सोध्छु ।

'सुन्धाराको संकटा मन्दिरसम्म' भन्दै वृद्ध हतारहतार स्कुटीमा बसिहाल्छन् । म बिस्तारै स्कुटी अगाडि बढाउँछु । बाटोमा सवारीको चाप छैन बरु नजिकै अष्टनारायण हलतिर मानिसहरूको घुइँचो बाइपाससम्म फैलिएको छ । दक्षिण भारतीय सिनेमा 'डियर कमरेड' हलमा लागेकाले मानिसहरूको घुइँचो बढेको थियो । म बाइपास आएपछि वृद्धसँग केही संवाद गर्न खोज्छु ।

'अनि, बाको घर कहाँ ?'

'भट्ट गाउँ बाबू !'

'कहाँको भट्ट गाउँ बा ?'

'नुवाकोटको भट्ट गाउँ बाबू !'

'मेरो पनि घर उतै हो बा ! भट्ट गाउँमा मेरा आफन्तहरू पनि थिए । अहिले थुप्रै भो उता नगएको ।'

बूढा बोलेनन्, सायद हल्लाको कारण मैले बोलेको सुनेनन् ।

सुन्धारा पुगेपछि म चिया खाने प्रस्ताव राख्छु । बूढा मेरो प्रस्तावलाई स्वीकार्छन् । संकटा मन्दिर आएपछि त्यहाँको तातो समोसा, मीठो चिया र सुन्धारा पेटीतिर देखिइरहने दृश्यले मलाई छुन्छ, खास लाग्छ ।

पत्रकारिताको विद्यार्थी भएकाले पनि हरेक कुरामा फिचर देख्छु । हरेक घटनाभित्र समाचार सल्बलाइरहेको पाउँछु । दिदीको चिया पसल पुगेपछि २ वटा औंला उठाएर भन्छु, 'दूध चिया, चिनी कम ।'

म बूढातिर फर्केर आफ्नो कुरा राख्न थाल्छु, 'भट्ट गाउँमा मेरा एक जना मीतबा थिए । हेर्दा साह्रै हठी लाग्थे, व्यवहारमा साह्रै नरम थिए । बाल्यकालमा उनैले हो मलाई स्कुल भर्ना गराएको र पढ्नुपर्छ भनेर चेतना जगाइदिएको । अहिले त उनले मलाई बिर्से होलान् । काठमाडौंमा छन् भन्नेसम्म सुनेको छु । कता बस्छन्, थाहा पनि छैन । एक पटक भेट्न खुब मन छ ।'

बूढा ट्वाल्ल परेर मेरो अनुहारतिर हेर्छन् । 'तिमी लाम्छाने नाति प्रभुराम हौ कि ...?', बूढा सोध्छन् ।

'हजुर हो, लाम्छानेकै नाति हुँ', म सहज जबाफ दिन खोज्छु ।

'साँच्चै ?'

'साँच्चिकै ।'

'ए भगवान् ! तिम्रो लीला पनि बुझ्न नसक्नु छ । मलाई मेरै मीतछोराको बाइकमा चढाएर कस्तो लीला गर्‍यौ नि प्रभु ? बाबू प्रभुराम, म तिम्रो मीतबा हितप्रसाद भट्ट हुँ । मलाई चिन्यौ बाबू ?'

यसो भन्दा बूढाको गहभरी आँसु टिलपिलाउन थालिसकेका थिए । म पनि भावुक हुन थालेको थिएँ । वातावरणमा ध्वनि प्रदूषण प्रादुर्भाव भइरहेकै थियो ।

'मीतबा, नमन ! म प्रभुराम नै हुँ । तपाईंकै आशीर्वचनले म पत्रकार भइटोपलेको छु । बाग्मती मिडियाको पत्रकार भएर काम गर्दै छु । मलाई हजुरको आशीर्वाद लागेको छ । संयोगले आज ईश्वरसँग भेटेँ ।'

ममा पनि भावुकता उम्लियो । हामी दुवैका आँखा टिल्पिलाउन थाले ।

उहाँ विगततिर फर्किन थाल्नुभयो ।

'मीत हजुर सानैमा बित्नुभयो । मितिनी तिमीहरूलाई छाडेर कता हराउनुभो । मलाई मितिनी पोइल जानुभो भनेर एक छेउ पनि विश्वास छैन बाबू ! मितिनी हराउनुभएको हो । तिमी र तिम्री दिदी त मेरा छोरा-छोरी हौ जस्तो लाग्छ । मलाई आज पनि उत्तिकै माया लाग्छ', बूढाले पुराना दिन सम्झिँदा म विगतमा डुब्न थाल्छु ।

'तपाई ईश्वर हो मीतबा', म सम्मानभाव प्रकट गर्छु ।

'आज धेरै कुरा नगरौं । छोरा, तिम्लाई अफिस जान ढिला भयो होला, जाऊ', उहाँमा भावुकता मात्र देखापरिरह्यो ।

बूढा चियाको पैसा तिर्न खोज्छन् । म तिर्न दिन्नँ । हतारहतारमा हामी आ-आफ्ना फोन नम्बर लिएर छुट्टिन्छौं ।

पञ्चायतकालको कठिन समय थियो । जनताका आधारभूत अधिकारसम्म स्थापित हुन सकेका थिएनन् । नुवाकोट खुर्साने खोलाका लामिछाने परिवार त्यो समयको निम्न स्तरको परिवारमा गन्ती हुन्थ्यो ।

हितप्रसाद भट्ट जिम्दारका नाति थिए । बेंसीको खेतमा १२० मुरी धान फल्ने हितप्रसादले गरिबीको आहालमा डुबिरहेका मेरा बा लाम्छाने माइलासँग मीत लगाएका थिए । गरिब भए पनि आफ्नो इमानको अंश-अंशलाई स्वाभिमानका निम्ति खर्चेका मेरा बासँग भट्ट बा प्रभावित थिए । उनी 'इमान के हो, त्यो मेरो मीतसँग बुझ्नू' भनेर फुइँ लगाई हिँड्थे ।

'मीत, तपाईं छोरालाई स्कुल हाल्नुस् । ईश्वर दाहिना भए भने कतै छोराको भाग्यले प्रगति पनि हुन सक्छ । शिक्षाको ज्योति घामको ज्योतिभन्दा पनि चम्किलो हुन्छ क्यारे !', बालाई यसरी सम्झाएको पर्सिपल्ट उनै हितप्रसादले डोहोर्‍याउँदै मलाई स्कुल पुर्‍याएका थिए । मेरो नाम प्रभुशरण लामिछाने भनेर उनैले भर्नाको कपीमा टिपाइदिएका थिए ।

एवं रीतले समय साइकलको पांग्रा जस्तो घुमिरह्यो । म पढाइमा अब्बल हुँदै गएँ । विधिको विडम्बना ! एक समय पहाडी गाउँहरूमा दादुराको प्रकोप फैलियो । ज्वरो र दादुरा आएको निहुँमा बा बिते । बासँग बाले हिँडिआएको एउटा युग बित्यो । समयको चिसो हावाले हाम्रो मुटु अँठ्यायो । गरिबी नामक गोमन सापले हामीलाई फेरि डस्न थाल्यो ।

आमाको थाप्लोमा घर व्यवहार मात्र परेन, हामी ३ छोरा-छोरीको भार पनि पर्‍यो । आमालाई दुःखमाथि दुःख थपियो । आमा सधैं उदासी देखिन थाल्नुभो । आमाको विरक्तिलाई स्पष्ट बुझ्न सक्ने भइसकेको थिएँ म ।

गरिब भएकै कारण हाम्रो परिवारलाई गाउँलेहरूले अनेक लाञ्छना लगाउन थाले । त्यसको प्रतिवाद मीतबाले गरिरहनुभो । मीतबाका कारण हामीलाई बाँच्ने हिम्मत मिलिरह्यो ।

तर, लाञ्छनाहरूको स्वर मत्थर भएन ।

गरिबी, अशिक्षा र प्रतिस्पर्धाको भावनाले ग्रस्त समाजमा निरीह नारी थिइन् आमा, जो तत्कालीन समाज व्यवस्थासँग जुध्न त के आँखासम्म जुधाउने हिम्मतसमेत उनीसँग थिएन । एक साँझ हामीलाई आमाले मीतबा हितप्रसाद भट्टको घरमा लैजानुभयो । त्यतिबेला चराहरू बास बसिसकेका थिए । बुहारीहरू बुहार्तनमा व्यस्त भइसकेका थिए । दिदीलाई त्यतिबेला नै मावली पठाइसक्नुभएको थियो आमाले ।

मीतको पिँढीमा पुगेर सुकुलमा गएर साह्रै असजिलोसँग बस्नुभयो आमा । 'मितिनी हजुर, के कामले पाल्नुभएको ?', हितप्रसाद भट्टले सोधे ।

'म त्रिशूलीमा फाल हालेर मर्छु मीत ! यी २ चिचिलालाई दया राखेर पाल्दिनुहोला । धर्म लाग्ला । ईश्वरले तपाईंलाई पुण्यको लेखाजोखा गर्दै स्वर्गमा बास बसाउलान्', आमाको बोलीमा लाचारी, आत्मसमर्पण र गलित भाव व्यक्त भएको थियो । त्यो साँझ हितप्रसादले धेरै कुरा सुनाए । संघर्ष, पीडा, आक्रोशलाई झेल्ने उपाय सिकाए । त्यो मध्यरात आमा बेपत्ता हुनुभो । त्यसपछि आमा कहिल्यै फर्किनुभएन ।

दिदीले मामाघर बसेर पढिन् । अहिले शिक्षिका छन् । भाइ र मलाई छोराकै प्यार दिएर मीतबाले शिक्षाको उज्यालो घामले हाम्रो ढाड सेकिदिनुभयो । हामी धन्य भयौं । भाइ पनि सानोतिनो काम गर्छ । म पत्रकार भएको छु ।

म जस्तै मान्छेका दुःखका समाचार लेख्छु । तर, त्यो १० वर्ष म नुवाकोट फर्कन नसक्नुको कारण मलाई लागेको ऋण नै हो । काठमाडौं आएका दिनहरूमा एउटा कुल्ली थिएँ म । कसरी गाडी भाडा पुर्‍याउनु, कसरी बिहान-बेलुका टारूँ जस्तो लाग्थ्यो । अहिले सम्झिँदा आफूलाई स्वार्थी पाउँछु । मीतबाको गुन भुल्ने स्वार्थी लाग्छ आफूलाई ।

म मितिनी आमालाई खुब मिस गर्छु । मितिनी आमा सम्झिँदा मलाई आफ्नो पूरै बाल्यकाल सम्झेजस्तो लाग्छ । उनको मायाको सहाराले मलाई आमा बिर्साएको नै हो ।

तर, आमा हराएका पलहरूले हामी केटाकेटीको मनमा ठूलै शूल रोपिरह्यो । कहिलेकाहीँ आमा सपनामा आउनुहुन्थ्यो । झोलाबाट झिकेर गहुँका रोटी दिनुहुन्थ्यो । सपना देखेको बिहान खुब रुन्थें एकान्तमा । कस्तो दर्दनाक थियो त्यो पल ! भो, नसम्झिऊँ अब त्यो पल । भोलिपल्ट म मीतबालाई लोलाङ वरिपरि नै भेट्छु । उहाँ मलाई देख्नेबित्तिकै भावुक हुनुहुन्छ । एउटा चिया पसलमा हामी चिया खान्छौं । बात मारिरहन्छौं । नियमित चिया खान थाल्छौं । आत्मीयताले नूतन आकार बनाउँदै जान्छ । नयाँ परिवेशमा नयाँ सम्बन्ध बन्दै जान्छ । चिया पिउन निस्केको प्रत्येक बिहान जस्तो मीतबाले कहिले बिस्कुट ल्याइदिनुहुन्छ, कहिले गुँदपाक, कहिले स्याउ ल्याउनुहुन्थ्यो, कहिले दुनोट ।

त्यो बेला पनि मीत छोराहरूले खान्छन् भनेर त्रिशूली बजारबाट बिस्कुट-पुरीहरू ल्याइदिएको सम्झन्छु । म दालमोठ खुब मनपराउँथें, मीतबाले पोकाका पोका दालमोठ ल्याइदिनुहुन्थ्यो । भाइ सातु मनपराउँथ्यो । गाउँको पुछारमा रहेको घट्टमा मीतबा सातु पिस्न महिनैपिच्छे झर्नुहुन्थ्यो । चिया-सातु हाम्रो नियमित खाजा हुन्थ्यो ।

मीतबाका लागि म त्यस्तै बालक नै थिएँ, जो बाल्यकालकै प्रभुशरण थियो अहिले पनि । सायद बाहरूका आँखामा छोरा-छोरी सधैं बालखै हुन्छन् ।

मीतबा कहिले ठूला र जेठीको घरमा पूजा लगाएको कुरा सम्झिनुहुन्छ । कहिले आमभञ्ज्याङको वनमा बाख्रा चराउन गएको कुरा कोट्याउनुहुन्छ । हामी चिया पसलमा विगतकै पुराण सुनेर भावुक भई बस्छौं । मीतबाको एउटा सानो घर रहेछ लोलाङमा । उहाँले मलाई त्यहाँ पटकपटक खाना खान लैजानुभयो । आफैंले पकाएर खुवाएपछि उहाँले भन्नुभयो, 'एउटी बुहारी चाहियो बाबू !'

एक दिन मीतबाले भावुक हुँदै भन्नुभयो, 'बाबू, तिम्री मीतआमा, भाउजू अनि दाइ अस्ट्रेलियामा छन् । बोलाएका छन् । अर्को महिना जसरी पनि जानुपर्छ म । त्यो पनि १ वर्ष बस्नेगरी ।'

मन भारी बनाएर भन्छु, 'हजुरले फोन कलचाहिँ दैनिक गर्नु है बा ! मलाई नियास्रो लागिरहन्छ ।'

समय बित्छ । १ महिनापछि मीतबा अस्ट्रेलिया उड्नुहुन्छ । म भारी मन लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्छु ।

सामाजिक संजालमा हाम्रो नियमित सम्पर्क भइरहन्छ । उहाँको हँसिलो चेहरा देख्दा मेरो दिन नै उज्यालो हुन थाल्छ ।

एक दिन समाचार पाउँछु । मीतबालाई काम ज्वरो आएको खबरले मन भत्भती पोल्छ । उहाँ भिडियो कलमा समेत आउन नसक्ने हुनुहुन्छ ।

म सामाजिक संजालमा 'मेरो जीवनको भरोसा मीतबालाई शीघ्र स्वास्थ्यलाभको कामना !' लेख्छु । मीतबाप्रति असीमित श्रद्धा जागेर आउँछ । खासै धार्मिक स्वभाव नभएको म देवालयमा पुगेर पूजा गर्छु । कल्पनाकै सही, ईश्वरसँग म मीतबाको स्वास्थ्यलाभको कामना व्यक्त गर्छु । मलाई मीतबाप्रति झनै माया उम्लेर आउँछ । मीतबालाई अँगालोमै बेरूँ जस्तो हुन्छ । म त्यो समय कहिलेकाहीँ मीत दाइ-मीत भाउजू, अक्सर मीतआमासँग भिडियो कलमा बोलिरहेँ । मीतआमासँग वर्षौंपछि ममतामय संवाद भइरह्यो । आमा-छोराले भावुक संवाद गरिरह्यौं ।

केही दिनपछि मीतबाको आईडीबाट भ्वाइस म्यासेज आउँछ, 'म निको भएँ बाबू !'

मलाई झन् खुसी लाग्छ । भावुकता आँसु बनेर खस्न खोज्छ ।

बिरामीबाट तंग्रेको १ महिनापछि नेपाली मञ्च अस्ट्रेलियाले आयोजना गरेको 'बुढेसकालमा विगत सम्झँदा' शीर्षक कार्यक्रममा मीतबाले आफ्नो अनुभव राख्नुभएको भिडियो प्राप्त गर्छु । त्यो भिडियोभरि मीतबाले छोरा प्रभुशरण भनेर बोल्नुभएको रहेछ । सुन्दा पनि आँखाबाट बर्बर आँसु झरे तर मीतबालाई केही भन्न सकिनँ । सधैं राजनीतिक समाचारले उथलपुथल भइरहने समाचार कक्षमा छु । यस पटक म कुनै मन्त्रीले प्रहरी चौकी उद्घाटन गरेको समाचार लेख्ने छैन । कुनै फिल्मी कलाकारको अर्को कलाकार प्रेममा फसेको न्युज लेख्ने छैन । आज म मीतबाको बुढेसकालको अनुभवलाई मुख्य समाचारका रूपमा छाप्ने छु ।

कविता

## लुकाइएको अनुहार



जुनू घिमिरे

लाग्छ, शहर पराधीन छ
हिमाल, पहाड, आकाशमा
तुवाँलोको अधीन छ
प्रकृतिको स्वच्छन्द रूप कस्तो छ ?
यो शहरले बोल्न सक्दैन
हावा आफैंमा बिरामी छ
बाटो प्लास्टिक र धुलोको
अतिक्रमणमा परेको छ
पानी बोतल र जारहरूमा बन्द छ
तैपनि, यो शहरलाई
सुन्दरीहरूको शहर भनिन्छ ।

सुन्दरीहरू शहरमा
तुवाँलोले आकाशको नीलो रङ लुकाएर
घुमैलो रूप देखाएझैं प्रस्तुत हुन्छन्
वास्तविक रूप लुकाएर
लाग्छ, नारीहरू सुन्दर बन्ने चाहनामा
महँगा सौन्दर्य सामग्री र व्यापारीको
अधीनमा छन् ।

गाउँ स्वाधीन छ
माथि हिमालको छाता ओढेर
चिसो हिउँमा सुतेका मान्छेहरूमा
तातोपना छ
सेतो हिउँको नतातिने टोपीभित्र
आत्मसम्मानले बाँचेको आत्मविश्वास छ ।

प्रकृतिको छटामा
ऊ जस्तै सुन्दर नारीहरू मुस्कुराइरहेछन्
जसले सौन्दर्यको कुनै वस्तु
अनुहारमा पोतेका छैनन् ।

चौरी दुहुँदा दूधका सिर्काहरू
उफ्रिएर अनुहारमा पुग्छन्
नौनी होस् या छुर्पी बनाउँदा
हातमा लागेको चिल्लो
अनुहार र ओठमा दलेर
स्याउका दानालाई माथ खुवाउने
सुन्दरता बोक्छन्
हिउँले नुहाएका नारीहरू ।

वास्तविक रूप लुकाएर हिँड्ने शहर
आफ्नै सुन्दरतामा रमाएको हिमालबीच
एउटा समानता भेट्छु म
हिमालमा जैविक दूधले
अनुहारको यात्रा गर्छ
शहरमा क्लिजिङ मिल्कका नाममा
अजैविक दूधले अनुहार धुन्छन् ।

सुन्दर बन्ने नाउँमा यो शहरले कतै
आफैंमाथि अन्याय त गरेको छैन ?

पुस्तक समीक्षा



■ डा. श्रीराम खनाल




# मरासिनीको काव्य 'चरीको गीत'मा विचरण

२० वर्षअघि 'नजुरेको धून' (२०६०) गजल कृति लिएर नेपाली साहित्यमा प्रवेश गरेका शशी मरासिनी पेसाले प्राध्यापक र कानुन व्यवसायी हुन् । उनका बुबा विष्णुप्रसाद मरासिनी, जो मरासिनीका प्रेरणाका स्रोत पनि हुन्, उनले 'साहित्य, संगीत, कलाविहीन साक्षात् पशु पुच्छ विषाणहीन' भन्ने कुरा सुनाएपछि मरासिनीको अर्धचेतन मनमा बस्यो र उनी साहित्यमा होमिए ।

४० वटा कवितालाई समेटेर संग्रहको रूप दिएर अक्षरधाम प्रकाशन प्रा. लि.ले कवि मरासिनीको काव्य कृति 'चरीको गीत' बजारमा ल्याएको हो । साहित्यकार डा. छायादत्त न्यौपाने 'बगर'ले प्रकाशनको चाँजोपाँजो मिलाएका हुन् ।

नेपाली समाज, प्रकृति एवं जनजीवनमा भिजेका उनका कविताहरू युगबोध गराउने खालका छन् । बालमनोविज्ञानदेखि संघर्षशील जीवनका पाइलाहरू, दर्शन समेटिएका उनका काव्यकृति साँच्चै सुन्दर, सन्देशमूलक र सुपाठ्य छन् । सृष्टि सौन्दर्यमा रमाउने उनी यसैमा चेत भर्न चाहन्छन् ।

नेपाली जनजीवनदेखि इतिहास, पुराणका विषय समेटिएका उनका कवितामा मानव जीवनको गतिशील चित्रण हुन्छ । कविता छोटा छन्, छरिता छन् तर मर्मस्पर्शी चेत र सन्देशले आतप्रोत एवं ओजपूर्ण छन् । सुन्दर बान्की भर्ने कलाकृतिको झल्को दिने कवि मरासिनी आफ्ना कवितामा जीवनमुखी सन्देश प्रवाह गर्छन् ।

वास्तवमा मरासिनी नेपाली संस्कृति, इतिहास, भाषा र भूगोललाई माया गर्ने स्रष्टा हुन् । अर्घाखाँची जिल्लाको पोखराथोक- ५ मा जन्मिएका उनी बर्दियाको गुलरिया- ६ मा बसोबास गर्न पुगे । साढे २ दशकअघि काठमाडौं छिरेर कर्मथलो काठमाडौं बनाएका मरासिनी कुशल अध्यापक, सफल कानुन व्यवसायी, साहित्यका स्रष्टा र द्रष्टा बन्न पुगे । तर, आफ्नो भूगोल र माटो विर्सिएका छैनन् उनले ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा समेत अनुसन्धनात्मक लेख रचना प्रकाशन गरेका उनले साहित्य र पत्रकारिताका गरी आधा दर्जन पुस्तक प्रकाशन गरिसकेका छन् । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसंचार केन्द्रीय विभागमा २ दशकदेखि प्राध्यापरत मरासिनीले हालै पत्रकारिता विषयमा विद्यावारिधि गरेका छन् ।

चरीको गीतको लयमा बिउँझिएर बिहान हुने मानिसहरू चरीको क्रियाकलापले बिहानीको शुभसंकेत दिने उल्लेख गर्छन् । अंग्रेजी कवि रोबर्ट फ्रस्टझैं उनी हरेक दिनलाई नयाँ ऊर्जावान्, सकारात्मक र शुभ ठान्छन् । नयाँ वर्षलाई मानिसमा मनका विकारलाई त्यागेर नयाँ ऊर्जा र सोचका साथ स्वागत गरौं भन्ने भाव कवितामा प्रस्तुत गर्छन् ।

जीवनको अस्तित्वका बारेमा कवि मरासिनीको आदर्श छ-मानिसले जीवनको अस्तित्व नहराएको महसुस गरी विश्वासमा पौडन सके आशा र भरोसामा जीवन अड्न सके मानव जीवन धन्य हुने छ । उनी मावन जीवनको मूल्यबोध गर्न सिकाउँछन् । यो जीवन सदुपयोग गर्न सन्देश प्रवाह गर्छन् कवि ।

उनी आफ्नो 'किसान महाकाव्य' शीर्षकको कवितामा किसानका बारेमा ठूला काव्यकृति लेखिनुपर्ने सन्देश प्रवाह गर्छन् । त्यसो त दिनहीन, गरिब, निमुखाप्रति निकै चिन्तित, उदार र सहानुभूति राख्छन् कवि । उनी किसानका र निम्न वर्गका हिमायती हुन् । त्यसैले होला, उनी किसानका भूमिकालाई खुलेर प्रशंसा गर्छन् ।

नेपाली युवा विदेशिन बाध्य पारिएको प्रति चिन्तित छन् कवि मरासिनी । 'नेपाली युवा' शीर्षकको कविताको भाव पनि यही छ । धर्ती बाँझो भएको, फाँटका गरा, खेतबारी बाँझिएका प्रति र बस्ती अन्धकार भएको गहिरो चिन्ता व्यक्त गर्छन् ।

कवि मरासिनीमा दर्शनको राम्रो चेत रहेको उनका सुन्दर कविताहरूले पुष्टि गर्छन् । प्रकृति चित्रण गर्ने खुबी पनि छ उनमा । वसन्त ऋतुको महिमालाई बडो सुन्दर ढंगले प्रस्तुत गरेका छन् । मानिसको वैंस वा जोवनलाई वसन्तसँग तुलना गर्छन् । वसन्त र वैंसको बिम्ब निकै सटीक प्रस्तुत गरेका छन् ।

*तिम्रो वसन्तले*
*फूलहरूको सुवासमा*
*भ्रमरा भुनभुनिने छन् ।*
*पुतलीको फिरफिरसँगै*
*उड्ने मस्त जवानी हो*
*तिम्रो यो लहलहाउँदो वसन्त*
*फक्रेको त्यो फूल... । (पृ. २५)*

फ्रायडवादी चिन्तन सौन्दर्य चेत कवि मरासिनीमा पनि छ । शृंगारिक रस पनि उनका काव्यमा भेटिन्छ ।

मृत्यु शास्वत छ । पूर्वीय दर्शन पनि यही भन्छ । शून्य नै सत्य छ र सत्य नै शून्य हो भन्ने जीवनवादी दर्शन पनि कविले प्रस्तुत गरेका पाइन्छ । कवि मरासिनीको 'फिलिंगो' कविताले यही भन्छ ।

ठूलाठूला बादशाह र तानाशाहको प्रतिमा गर्ल्यामगुर्लुम्म ढलेको दृश्य मैले आँखै अगाडि देखेको छु भन्दै परिर्वतनका लागि क्रान्ति अपरिहार्य रहेको भाव पनि कवितामा व्यक्त गर्छन् । क्षणभरमा बिलाउनु, हराउनु जीवनको यथार्थ हो भन्ने सन्देश पनि प्रस्तुत गर्छन् ।

उनको काव्य चेतलाई विश्लेषण गर्दा उनी मार्क्सवादी चिन्तन, पूर्वीय दर्शन जस्ता मिश्रित चिन्तनबाट पनि प्रभावित भएका तर प्रगतिशील कवि हुन् भन्ने अनुमान गर्न सकिन्छ ।

अग्रज कवि पारशमणि प्रधानले भन्नुभएझैं कवि कविता होस्, कविता कवि होस, तब न कविता बन्छ, शब्द थुपारीकन के बन्छ, भाव भए पो हुन्छ । यस मानेमा कवि मरासिनी सचेत छन् । सारांशमा भन्नुपर्दा, कवि मरासिनी जीवन र जगत्लाई सूक्ष्मतम् ढंगले केलाउने र शल्यचिकित्सकझैं सामाजिक घटनालाई सजगतासाथ चिरफार गर्न एवं दार्शनिक विचार अघि सार्ने स्रष्टा हुन् । उनका काव्यहरूले यही भन्छन् ।

प्रस्तुत काव्यकृति थोरै पृष्ठको भए पनि ओजिलो र मर्मस्पर्शी कविताहरूले भरिएको सुन्दर कृतिका रूपमा देखिन्छ । गरिब, निमुखा र दीनहीनका आवाज पोख्ने एवं जीवनगाथा गाउने स्रष्टाका रूपमा आफूलाई चित्रण गरेका छन् कविले भन्दा फरक पर्दैन ।

ठाउँठाउँमा काव्यात्मक भाव र शिलशिला हराएको वा टुटेको पनि पाठकलाई लाग्न सक्छ । तर, मरासिनी थोरै काव्य सिर्जना गर्ने कवि भए पनि उनका कविता कालजयी बन्ने अनुमान गर्न सकिन्छ । आगामी दिनमा उनको सिर्जनामा अझै निखारता जाओस् र काव्यरूपी बगैंचामा अझ सुन्दर कविता पल्लवित र पुष्पित हुँदै जाओस्, शुभकामना ।

**(डा. खनाल प्रसिद्ध लेखक, अध्यापक र समीक्षक हुन् ।)**

# 'चलनचल्तीको भाषालाई छिट्टै सरकारी कामकाजको भाषा बनाउँछौं'



**भालुवाङ/मस-** दाङमा माघ सांस्कृतिक महोत्सव सुरु भएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार महोत्सवको उद्घाटन गरेका हुन् ।

सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले थारु समुदायको प्रदेशका हरेक निकायमा १४ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको बताए । 'प्रदेशमा झण्डै १५ प्रतिशत थारु समुदायको जनसंख्या छ, त्यसलाई सम्बोधन गर्दै राज्यका हरेक निकायमा १४ प्रतिशत सुनिश्चित गरिएको छ । निजामती सेवामा प्रवेश गर्नुहोस्' उनले भने, 'प्रदेश निजामती सेवा ऐनले थारु समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । अब नियमावली बनाएर कार्यान्वयनमा लैजान्छौं । थारु समुदायको प्रतिनिधित्वलाइ राज्यले सम्बोधन गरेको छ । युवा पुस्ता अब आफ्नो समुदायको विकास र समृद्धिका लागि अघि बढ्न जरुरी छ ।'

मुख्यमन्त्री आचार्यले प्रदेशमा बोलिने थारु लगायत चलनचल्तीको भाषालाई सरकारी कामकाजको भाषा बनाउने गरी ऐन निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । 'छिट्टै ऐन निर्माण गरेर सरकारी कामकाजको भाषाको रुपमा सम्बोधन गर्छौं' उनले भने, 'थारु समुदायको कला, संस्कृतिलाई आर्थिक विकास र समृद्धिसँग जोड्न जरुरी छ । प्रदेश सरकारले प्राथमिकतामा राखेर कार्यान्वयन गरिरहेकोको छ ।' थारु समुदायको कला, संस्कृतिको प्रवर्द्धन गर्न थारु संग्रहालय निर्माणमा प्रदेश सरकारले सहयोग गरेको उनले जानकारी दिए ।

थारु कल्याणकारीणी सभा दाङले थारु समुदायको कला संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले माघ सांस्कृतिक महोत्सव माघ सांस्कृतिक महोत्सव आयोजना गरेको हो । पुसको २० गतेसम्म महोत्सव चल्नेछ । महोत्सवमा थारु नृत्य, थारु हस्तकलासँगै थारु परिकार माछा, घोंगी, गँगटा, सुँगुरको मासु, मुसाको मासु, ढिक्री, अनदीको रोटीलगायतका विभिन्न परिकार राखिएको छ । आर्थिक जागरण र सांस्कृतिक रुपान्तरण हाम्रो अभियान, सामाजिक न्यायसहित समृद्धिमा हाम्रो योगदान भन्ने मुख्य नारासहित माघ महोत्सव आयोजना गरिएको छ ।

थारु कल्याणकारी सभा दाङका सभापति अशोक कुमार चौधरीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री प्रचण्ड विक्रम न्यौपाने, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री सीता शर्मा चौधरी, घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, मतहवा महासंघका चन्द्रप्रकाश चौधरी, केन्द्रीय सल्लाहकार लक्ष्मी चौधरी लगायतले सम्बोधन गरेका थिए । थारु कल्याणकारिणी सभाले विभिन्न माग राख्दै १० बुँदे ज्ञापनपत्र मुख्यमन्त्री आचार्यलाई बुझाएको छ । थारु भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोगमा ल्याउनुपर्ने, थारु समुदायको मतहवा परम्परालाई कानुनी मान्यता दिनुपर्ने लगायतका माग समेटिएको छ ।

# 'संघीयतालाई मजबुत बनाउन आवश्यक'




**कमल साह/मध्यान्ह**
जनकपुरधाम, १९ पुस

पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले अब राष्ट्रमा आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक विकासका लागि लोकतान्त्रिक गणतन्त्र तथा संघीयतालाई मजबुत बनाउन आवश्यक रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ धनुषा शाखा र नेपाल पत्रकार महासंघ मधेश प्रदेशको सम्पन्न निर्वाचनबाट विजयी संचारकर्मीहरुको सम्मानमा शुक्रबार आयोजित कार्यक्रममा नेता निधिले संविधान संशोधन हुनुपर्ने आवश्यकताबारे संचारमाध्यमबाट सुझाव दिन आग्रह गरे ।

जनकपुरधाममा आयोजित बधाइ तथा शुभकामना कार्यक्रममा उनले संघीयतालाई मजबुत बनाउन प्रदेशमा निजामती कर्मचारी तथा प्रहरी चाँडो समायोजन हुनुपर्ने र त्यसका लागि पनि संविधान संशोधन हुनुपर्ने बताए । संघीय लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका साथै गणतन्त्रलाई बलियो बनाउन नवनिर्वाचित पत्रकार महासंघको नेतृत्वले विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

सो समारोहमा नेपाल प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंहले प्रदेशबाट नेपाल पत्रकार महासंघको निर्वाचनमा निर्वाचित नेपाल पत्रकार महासंघका सबै तहका पदाधिकारीहरूलाई स्वागत गरेका थिए ।

उक्त कार्यक्रममा नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव, पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता रामकृष्ण यादव, मधेश प्रदेशका पूर्वमन्त्री एवं प्रदेश सभाका सदस्य रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह र उपप्रमुख किशोरी साह, नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार, उपसभापति गणेश झा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# प्रशासनको निर्देशन अटेर गरी क्रसर उद्योग संचालन

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १९ पुस



सर्लाहीका क्रसर उद्योग व्यवसायीले प्रशासनको निर्देशन अटेर गरी उद्योग सञ्चालन गरिरहेको पाइएको छ । केही क्रसर उद्योगीले दिनमा बन्द राखे पनि रातिको समयमा चलाउने गरेका छन् । प्रशासनले जिल्लाको बसबरिया गाउँपालिका-३, स्थित कोठियार टोलमा मापदण्ड विपरीत सञ्चालनमा रहेको अभिनित वासिङ उद्योग र अभिनित ढुंगा क्रसर उद्योगलाई बन्द गर्न निर्देशन दिएको भएपनि उद्योगीले बलमिच्चाई गरी उद्योग सञ्चालन गरिरहेको पाइएको छ । स्थानीयले गरेको गुनासोको आधारमा मध्यान्हकर्मी बिहीबार राति ७ बजे त्यहाँ पुग्दा उद्योग सञ्चालनमा रहेको पाइएको छ । बिहीबार राति उद्योग सञ्चालनमा रहेको भिडियो प्रमाण मध्यान्हसँग सुरक्षित छ । स्रोतका अनुसार यहाँ सञ्चालनमा रहेको ढुंगा क्रसर र वासिङ उद्योग नेपाली कांग्रेस सर्लाहीका जिल्ला सभापति सुरेन्द्र प्रसाद सिंहको जेठो छोरा अभिनितको नाममा दर्ता रहेको छ । सत्ता र शक्तिको दुरूपयोग गर्दै उनले बलमिच्चाई गरी अवैध क्रसर सञ्चालन गरिरहेको स्रोतको दाबी छ । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद भुजेलले तत्काललाई बन्द गर्न निर्देशन गरिएका उद्योग प्रशासनको अन्तिम निर्णय नआउन्जेलसम्म सञ्चालन गरेको पाइएमा कारबाही गरिने बताए ।

गत पुष ९ गते जिल्ला समन्वय समितिका प्रमुख र जिल्लाका सुरक्षा प्रमुखहरु सम्मिलित जिल्ला अनुगमन समितिले लालबन्दी-१७ रानिगन्जको प्रिन्स क्रसर उद्योग, बागमती-७ को जय माँ दुर्गा र बागमती-४ को हरेकृष्ण क्रसर उद्योगलाई पूर्णरुपमा बन्द गर्न निर्देशन दिएको थियो ।

त्यस्तै, गत पुस १० गते जिल्ला अनुगमन उपसमितिका संयोजक तथा जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जितेन्द्रकुमार महतोको नेतृत्वमा खटिएको अनुगमन टोलीले मापदण्ड विपरीत सञ्चालित फूलजोर बाबा बालुवा तथा गिट्टी प्रशोधन उद्योग ईश्वरपुर-५, शुभम एग्रिगेट इण्डष्ट्रिज ईश्वरपुर-५, सिद्धिविनायक एग्रिगेट इण्डष्ट्रिज हरिपुर-८ र राजदेवी माई बालुवा गिट्टी ढुंगा वासिङ प्रा.लि. हरिपुर-५ लाई पत्र दिएर तत्काल उद्योग बन्द गर्न निर्देशन दिएको थियो ।

त्यसैगरी, गत पुस ११ गते अभिनित वासिङ उद्योग र अभिनित ढुंगा क्रसर उद्योग बसबरिया-३, बरहथवा गिट्टी बालुवा प्रशोधन तथा सप्लायर्स बरहथवा-८, राहुल गिट्टी बालुवा वासिङ सेन्टर बरहथवा-८, गौतम गिट्टी बालुवा प्रशोधन उद्योग बरहथवा-१, हजरिया बालुवा गिट्टी प्रशोधन कम्पनी बरहथवा-१, सर्लाही बालुवा प्रशोधन एण्ड क्रसर उद्योग हजरिया र बालुवा वास प्लान्ट बागमती-१२ लाई तत्काल उद्योग बन्द गर्न पत्र दिइएको थियो ।

दर्ता नं. ४५८८/०७३/०७४

## सिभिल व्यवसायी वहुउद्देश्यीय सहकारी संस्था लि.

सुन्धारा, काठमाडौं । फोन नं. : ०१-५३१८४८८
E–mail: civilbyabasayee@gmail.com

### आठौं वार्षिक साधारण सभाको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२०**

**श्री शेयर सदस्य महानुभावहरु:**
उपयुक्त सम्बन्धमा यस सिभिल व्यवसायी बहुउद्देश्यीय सहकारी सस्था लिमिटेडको आठौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथी छनफल गर्न गइरहेको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका प्रस्तावहरु :**
१. अध्यक्षको प्रतिवेदन तथा २०८१/२०८२ को वार्षिक कार्ययोजना प्रस्तुत गर्ने ।
२. कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०८०/०८१ को वार्षिक लेखापरीक्षण प्रस्तुत गर्ने ।
३. आ.व. २०८१/०८२ को लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. आन्तरिक नीति तथा कार्यविधी पूर्नलेखन गर्ने सम्बन्धमा ।
५. विधान संसोधन गर्ने सम्बन्धमा ।
६. साधारण सभाको माइनोट दस्तखत गर्ने प्रतिनिधि नियुक्त गर्ने:।
७. ब्याजदर समायोजनको सम्बन्धमा ।
८. विविध ।

**कार्यक्रम**
**मिति : २०८१/०९/२७ गते शनिबार**
**स्थान : सिभिल मल व्यापार संघको कार्यालय**
**समय : विहान ११:०० बजे**

सुनिल श्रेष्ठ
सचिव

## जिल्ला सभा अधिवेशन सम्बन्धी सूचना

नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखा कार्य समितिको २०८१ पुस १९ गतेको बैठकको निर्णय अनुसार यस **जिल्ला शाखाको ४५ औं जिल्ला सभाको अधिवेशन** आगामी २०८१ साल माघ १२ गते शनिबारका दिन आह्वान गर्ने निर्णय भएको सभासदज्यूहरूमा जानकारी गराउँदछौं । अधिवेशन आयोजना गरिने स्थान र समयको सम्बन्धमा पछि पत्र मार्फत जानकारी गराउँदछौं ।

**मन्त्री**
**नेपाल रेडक्रस सोसाइटी**
काठमाडौं जिल्ला शाखा

## काठ/दाउरा वोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/९/२० गते**

डडेल्धुरा जिल्ला भागेश्वर गा.पा वडा नं. १ मा रहेको डुडेश्वर सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई रुपाल बलडा सडक छेउ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको सल्ला जातको गोलिया थान १८५ को परिमाण २८३०।१४ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री डुडेश्वर सा.व.उ.स भागेश्वर गा.पा वडा नं. १, डडेल्धुरा**

## सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मिति : २०८१/०९/२०**

नेपाल ट्रक कन्टेनर संघमा आवद्ध सम्पुर्ण व्यवसायीहरुलाई नेपाल सरकारबाट संघ संस्था खारेजी भइ निजी कम्पनीमा आवद्ध हुनुपर्ने नियमानुसार नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रा. लि. मा कायम भए पश्चात यस कम्पनीमा आवद्ध सम्पुर्ण व्यवसायीहरुलाई यस कम्पनीको शेयर सदस्य बन्नलाई सञ्चारका विभिन्न माध्यमहरु अफिस सुचनापाटी, फेसबुक तथा राष्ट्रिय दैनिक पत्रिकामा पटक-पटक सूचना जारी गर्दा अझैपनि व्यवसायीहरु छुट हुनुभएको कारणले गर्दा फेरी अन्तिमपटक यस पत्रिका मार्फत यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनको समय सिमाभित्रमा यस कम्पनीको कार्यालय लोकन्थली भक्तपुरमा आवश्यक कागजात पेश गरी आफ्नो शेयर कायम गर्न यसै सूचना मार्फत सुचित गरिन्छ । धन्यवाद ।

**नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रा.लि.**
लोकन्थली, भक्तपुर, सम्पर्क : ०१६६३५०४०
ईमेल : ntcdsl.pvt.ltd@gmail.com

## युएईमा रोजगार

कम्पनी: AL MAOULI BUILDING CLEANING SERVICES LLC — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०९/१८ — चलानी नं.: ६०२३०७४३ — L.T. No.: 316557

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 0 | स. काममा दक्ष | 900 | ३३,५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD** Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660, Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551, E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

## UAE मा रोजगार

कम्पनी : CARLISLE TECHNICAL SERVICES LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०६/२९ — चलानी नं: ६०२०९१७० — L.T. No.: 294030 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 30 | 0 | | 1200 | ४४,७२४ | | | | | | | |
| 3. | Pipefitter | 40 | 0 | | 1200 | ४४,७२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २७ गते (11 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Hope International (P) Ltd.** License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location

## कतारमा रोजगार

कम्पनी: ENERGYPLUS TECHNICAL SERVICES — शहर: Doha
पुर्व स्वीकृत मितिः २०८१/०६/१५ — चलानी नं.: ६०२२६०९५ — L.T. No.: 311638 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tech | 12 | 0 | स. काममा दक्ष | 2000 | ७५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २७ गते (11 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.** Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

## युएईमा रोजगार

कम्पनी : JUMBO PLASTIC INDUSTRY SOLE PROPRIETORSHIP LCC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०९/१९ — चलानी नं.: ६०२३०७९५ — LT. No.: 316586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sewing Machine Operator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loom Machine Operator | 10 | 0 | | 1200 | ४४७२४ | | | | | | | |
| 3. | Factory Worker | 10 | 0 | | 1000 | ३७२७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २७ गते (11 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
JOBS GLOBAL.COM Employment Services Pvt. Ltd.
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240 Fax: +977-1-4002625 Mobile : 9801100112, 9801100114, 9801100116.
Email: jobsglobalnepal@gmail.com | Web: jobsglobal.com.np

## साउदीमा रोजगार

कम्पनी: EXPENSIVE LAUNDRIES MAHFOUZ ABDULLAH AL QURASHI FOR WASHING CLOTHES — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/०९/१६ — चलानी नं.: ६०२३०८०१ — L.T. No.: 316434

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MASAS AL-SARAR NATURAL FEED FACTORY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०९/१९ — चलानी नं.: ६०२३०८०० — L.T. No.: 316522

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६५६२८ | | | | | | | |

कम्पनी: FAISAL IBRAHIM AL-SHAMMARI OPERATION AND MAINTENANCE COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०७/०७ — चलानी नं.: ६०२२७०४५ — L.T. No.: 312564 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food And Beverage Counter Worker | 1 | 0 | | 1000 | ३६,४६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१-४९८८८०८ फ्याक्स: ४३८११७
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

## युएईमा रोजगार

कम्पनी: STALWART FACILITY AND SECURITY SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/१९ — चलानी नं.: ६०२३०८३३ — LT. No.: 316626

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 0 | स. काममा दक्ष | 1200 | ४४,७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २७ गते (11 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.** Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440

## युएई र कुवेतमा रोजगार

कम्पनी : TRUST LINE SECURITY AND CLEANING SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१८ — चलानी नं.: ६०२३०६८९ — LT. No.: 316416

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 40 | 0 | स. काममा दक्ष | 1400 | ५२,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GEMINI BUILDING MATERIALS LLC OPC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ — चलानी नं.: ६०२३०८०५ — LT. No.:316621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stevedore Worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 850 | ३१,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stock Picker | 25 | 0 | | 850 | ३१,६७९ | | | | | | | |

कम्पनी : TVS INTERNATIONAL TOURS & TRAVELS COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ — चलानी नं.: ६०२३०८०८ — LT. No.:316510

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Front Desk Agent/Clerk | 0 | 1 | स. काममा दक्ष | 150 | ६६,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २७ गते (11 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: +977 9814523362, 9861365388, 9823204298, 9708402740 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## CYPRUS मा रोजगार

कम्पनी: THEO EMPLOYMENT & TRAVEL LTD — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ — चलानी नं.: ६०२३०८२७ — LT. No.: 315601

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Maids | 0 | 3 | सम्बन्धित काममा दक्ष | 650 | ९१८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook A. | 5 | 0 | | 1262 | १७८३४५ | | | | | | | |
| 3. | Cook B | 5 | 0 | | 1018 | १४३८६३ | | | | | | | |
| 4. | Domestic Worker | 0 | 10 | | 400 | ५६५२८ | | | | | | | |
| 5. | Waitress | 0 | 2 | | 700 | ९८९२४ | | | | | | | |

कम्पनीः E.G.ESTIACYPRUS PRIVATE EMPLOYMENT AGENCY — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८०/११/३० — चलानी नं.:६०२१६३६८ — LT. No.:301494 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 700 | ९८९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeper | 2 | 0 | | 700 | ९८९२४ | | | | | | | |
| 3. | cook | 3 | 0 | | 900 | १२७१८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २७ र २८ गते (11 & 12 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BIRD SKY H.R. PVT.LTD** श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन: 015924815, Mobile no: 9851086813, 9861426298 E-mail: hrbirdsky@gmail.com.
Website: www.birdskyhr.com.np

## कतारमा रोजगार

कम्पनी:MSN BW MTR Al-ALMAN — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ — चलानी नं.: ६०२३०८२८ — LT. No.: 316554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
